लेखापरीक्षण प्रतिवेदन

आँबुखैरेनी गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

आँबुखैरेनी गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/163

श्रीमान् अध्यक्षज्यु,
आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
आँबुखैरेनी, तनहुँ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/163

मिति : २०८३-१-२८

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यु,
आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
आँबुखैरेनी, तनहुँ।

१. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय व्यय तर्फ रु. १ अर्ब १९ करोड ८० लाख ४८ हजारको लेखापरीक्षण गरिएकोमा रु. ४ करोड ३४ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड १५ लाख २७ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ९ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ८२ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ९६ लाख ४२ हजार र पेस्की बाँकी रु. १३ लाख ४६ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. ४ करोड २ लाख १९ हजार (प्रतिक्रियाबाट थप रु. ८३ लाख ४ हजार समेत - लेखापरीक्षण अङ्कको ३.३६ प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. १४ करोड ९ लाख २६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू. १ लाख २९ हजारको सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. १८ करोड १० लाख १६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५३	८९	४,३४,४१,६६९	०	३८	१,१५,२७,०२३	८३,०४,१५५	५३	५१	४,०२,१८,८०१	९,६६,३६७	२,८२,६४,०८७	९६,४२,१४७	०	०	३,७९,०६,२३४	१३,४६,२००

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ	१४,०९,२५,७८२	०	१,२८,५४३	१४,०७,९७,२३९	०	४,०२,१८,८०१	१८,१०,१६,०४०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३९	सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः	१,९५,०००
२	२०८१/८२	२८	बढी ग्रेड भुक्तानीः	४०,५९१
३	२०८१/८२	६५	पेश्की बाँकीः	१०,००,०००
४	२०८१/८२	३७	दूध उत्पादनमा प्रोत्साहन अनुदानः	९,०४५
५	२०८१/८२	४३.२	दिवा खाजाका लागि विद्यालयलाई अनुदानः	१,०८,६६०
६	२०८१/८२	३२	दरबन्दी बाहिरको करार सेवाः	८४,०८,३४५
७	२०८१/८२	67	ट्याककोटको लागत अनुमानः	७,५७,६८४

८	२०८१/८२	२७	गत आ.व.को छुट पारिश्रमिकः	७,७४,०००
९	२०८१/८२	४०	इन्टरनेट जडानः	३३,५००
१०	२०८१/८२	६६.७	आबुखैरेनी अस्पताल संचालनः	७२,२१८
११	२०८१/८२	३४	अतिरिक्त भत्ता भुक्तानीः	१,२७,९८०
जम्मा				**१,१५,२७,०२३**
गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण				
१२	२०८०/८१	-	समायोजन/खारेज भएको विद्यालय:	९९,४४३
१३	२०८०/८१	-	बढी भुक्तानी :	५,१००
१४	२०८०/८१	-	ईन्टरनेट जडान अनुदान:	२४,०००
जम्मा				**१,२८,५४३**
कुल जम्मा				**१,१६,५५,५६६**

आँबुखैरेनी गाउँपालिका, तनहुँ

(८०४३८५०१३००)

आबुखैरेनी गाउँपालिका , तनहुँ

परिचय

१ **परिचयः**

क) कार्यालय परिचय:- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ।

ख) लेखापरीक्षणको उद्देश्य:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधि:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।९ देखि २०८२।०८।१७ सम्म रहेको छ।

घ) लेखापरीक्षण विधि:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमा:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) आर्थिक कारोबारको स्थिति:- कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब १९ करोड ८० लाख ४८ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २२५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	विवरण	रकम रु.
१	कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन समितिको वैठक भत्ता बापत नमिल्ने भूक्तानी भएकोमा दुईजना कर्मचारीबाट असुल भई दाखिला प्रमाण पेश भएको।	२२५०
	जम्मा	२२५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने र त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको,

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता नराखेको,

• खर्च निकासा गर्दा भुक्तानी पाउने सम्बन्धित पक्षलाई सिधै खातामा भुक्तानी नगरी कार्यालयका शाखा प्रमुखहरुको खातामा भुक्तानी गरी शाखा प्रमुख तथा अन्य कर्मचारीहरु मार्फत सम्बन्धितलाई हस्तान्तरण गरेको देखिँदा यसमा सुधार हुनुपर्ने देखिएको, [उदाहरणको लागि विद्यार्थी छात्रवृत्ति बापतको रकम शिक्षा अधिकृत मार्फत भुक्तानी, प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकको ज्याला रोजगार संयोजक मार्फत भुक्तानी, महिला स्वास्थ्य स्वयंसेविकाको यातायात खर्च तथा पोषाक प्रोत्साहन खर्च स्वास्थ्य शाखाका कर्मचारी मार्फत भुक्तानी आदि]

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही नभएको,

• पालिकाबाट सञ्चालन भएका विभिन्न आयोजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख नराखेको,

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगदै प्राप्त भएको राजस्व रकम दैनिक रुपमा बैङ्क खातामा दाखिला गर्नुपर्नेमा नियमावलीको उक्त व्यवस्था पालना नभएको,

• बेरुजुको अद्यावधिक लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको म.ले.प. फाराम नं. ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये पालिकासँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख नराखेको,

• कतिपय अवस्थामा म.ले.प. फाराम नं. ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म.ले.प. फाराम नं. ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख नराखेको,

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नुपर्ने अवस्था आउन दिन नहुने तर्फ पालिकाले ध्यान दिनु पर्नेमा सोको पालना नभएको,

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा त्यसो नगरेको,

• पालिकाको विभिन्न शाखा र वडा कार्यालयमा रहेका जिन्सी सामानको एकीकृत विवरण तथा जिन्सी खाता अद्यावधिक नगरेको तथा

जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम मालसामानको मर्मत तथा लिलाम नगरेको,

• कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ५ बमोजिम त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटान गरिएको कार्य विवरण र सो कार्यविवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनुपर्नेमा नगरेको,

• पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार नगरेको कारण गत विगतका पेश्की तथा बेरुजु हराउने वा छुट्न सक्ने देखिएको,

उपरोक्त बुँदाहरु समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ आर्थिक कारोबारको एकीकृत विवरणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

आँबुखैरेनी गाउँपालिका, तनहुँ					
आर्थिक कारोबारको एकीकृत विवरण					
आर्थिक वर्ष - २०८१।०८२					
आय तर्फ			**व्यय तर्फ**		
क.सं.	**विवरण**	**रकम**	**क.सं.**	**विवरण**	**रकम**
१	**गत वर्षको जिम्मेवारी**	**५१३३९०८८**	१	**चालु खर्च**	**३११८३६८३६**
	संचित कोप	१६६२५११८	२	**पुँजीगत खच**	**१६७०४९१६०**
	प्रकोप व्यवस्थापन	३५९७३८	३	**विभिन्न कोष खर्च**	**३७३८२४५३**
	धरौटि खाता	१७९२५०५७		धरौटी खर्च	१८५४५६०९
	विविध कोष खाता	२२०००००		विभाज्य कोष खाता	४२१२५७३
	विविध खर्च खाता	१४२२९१७५		प्रकोप खर्च	२२५६९
	विभाज्य कोप खाता	०		विविध खर्च	१४६०१७०२
२	**आन्तरिक राजस्व**	१८५७६२५६३	४	**अन्य खर्च**	**१०१९१३९४५**
	आन्तरिक राजस्व	५७८०३०८७		सामाजिक सुरक्षा	८७७२८९९९
	राजश्व बाँडफाँड	१२७९५९४७७		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४८५०००
३	**अनुदान**	**२७६६०५७९५**		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६९९९९०
	संघीय अनुदान	२५६१७८७९५		पर्यटन पुर्वाधार विकास आयोजना	९९९९९५६
	प्रदेश अनुदान	२०४२७०००	५	**मौज्दात**	**१३०२२६५१**
४	**विभिन्न कोषको आय**	**१५५८३६५५**		संचित कोप	२८९३२१६
	धरौटी आय	५०१५२७९		प्रकोप व्यवस्थापन	३३७१६९
	प्रकोप आय	०		धरौटि खाता	४३९४७२७
	विविध खर्च खाता	६३५५८०२		विविध खर्च खाता	३१९७५३९
	विभिज्य कोपको आय	४२१२५७३		विभाज्य कोप खाता	०
५	**अन्य आय**	**१०१९१३९४५**		विविध कोप खाता	२२०००००
	सामाजिक सुरक्षा	८७७२८९९९			
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४८५०००			
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६९९९९०			
	पर्यटन पुर्वाधार विकास आयोजना	९९९९९५६			
	जम्मा	**६३१२०५०४६**		जम्मा	**६३१२०५०४६**

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष संघ तथा प्रदेश सरकारबाट बजेट प्राप्त अन्तरसरकारी हस्तान्तरण अन्तर्गतका तपशिल बमोजिम रू. १० करोड १९ लाख १४ हजारको कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन।

सुत्रमा लेखाङ्कन नभएको अन्तरसरकारी अनुदान प्राप्त बजेटको विनियोजन र CGAS मार्फत भएको खर्चको विवरणः				
क्र.सं.	कार्यक्रमको नाम	विनियोजन रु.	खर्च रु.	कैफियत
१	सामाजिक सुरक्षा तथा संरक्षण	८८००८४००.	८७७२८९९८.७६	संघीय सरकार
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७२८०००.	४८५०००.	संघीय सरकार
३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७०००००.	३६९९९९०.	संघीय सरकार
४	विद्यालय शिक्षा क्षेत्र योजना	३६९०००.	०	संघीय सरकार
५	पर्यटन पूर्वाधार विकास आयोजना	१००००००००.	९९९९९५६.	संघीय सरकार
	जम्मा रकम रु.	१०२८०५४००.	१०१९१३९४४.७६	

३.२ **खर्च विश्लेषणः** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. ५,१३,३९,०८८.००, आन्तिरक आय र राजस्व बाँडफाँटबाट रु. १८,५७,६२,५६३.००, राजस्व बाँडफाँड र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. ३९,४१,०३,३९५.०० गरी जम्मा रु. ६३,१२,०५,०४६.०० आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. ३१,१८,३६,८३६.००, पुँजीगत तर्फ रु. १६,७०,४९,१६०.०० र अन्य खर्च रु. १३,९२,९७,३९८.०० समेत रु. ६१,८१,८३,३९४.०० खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा ९.३५ प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. ७२,८१,५००.०० खर्च भएको छ जुन आन्तरिक आयको १२.६० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै आन्तरिक राजस्व र राजस्व बाँडफाँटको कुल रकम रु. १८,५७,६२,६५३.२० बाट चालु खर्चको लागि ५९.५७ प्रतिशत मात्रै स्रोत पुग्ने देखिन्छ भने पालिकाले यस वर्ष गरेको सबै खर्चको कुल रकमको २७.०२ प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै उपलब्ध स्रोतलाई पुँजिगत निर्माणमा परिचालन गरिनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.३ **मौज्दातको अवस्थाः** पालिकाको सञ्चित कोषको मौज्दातले यसको आर्थिक अवस्थालाई दर्शाउँदछ। आर्थिक वर्ष ०७९।८० मा पालिकाको सञ्चित कोषको अन्तिम मौज्दात रु. ६१६७९२५२.७० रहेकोमा ०८०/८१ मा रु. १६२४०१७१.५५ र ०८१/८२ मा रु. २८९३२१६.३१ रहेको छ। पछिल्लो तीन आर्थिक वर्षमा पालिकाको सञ्चित कोषको मौजदात करिब रु. ५ करोड ८७ लाखले घटेको देखियो। पालिकाले बजेट बिनियोजन गर्दा मौजदात रकमबाट खर्च गर्ने गरी समेत कार्यक्रम थप गरेको कारण मौजदात घट्दै गएको देखिन्छ। सञ्चित कोषको मौज्दातको न्यूनतम रकम आर्थिक संकटको समयमा उपयोगको लागि जगेडाको रुपमा रहने गरी वास्तविक सालबसाली आम्दानीका आधारमा खर्च गर्ने गरी वार्षिक बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

पछिल्लो तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दात विवरण			
क्र.सं.	आर्थिक वर्ष	सञ्चित कोषको अन्तिम मौज्दात	कैफियत
१	०७९।८०	६१६७९२५२.७	प्रत्येक आर्थिक वर्ष मौज्दात घट्दै गएको ।
२	०८०।८१	१६२४०१७१.५५	
३	०८१/८२	२८९३२१६.३१	

४ **आयोजनाको प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका लागि गरिबी

निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास लगायतका आधारहरू उल्लेख गरेको छ। स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार २१६ आयोजनामा बजेट विनियोजन गरेको छ।

क्र.सं.	आयोजनाको विवरण	संख्या	रकम रु.
1	रु. १ लाख भन्दा कमका	०	०
2	रु. १ लाख देखि ५ लाखसम्मका	७३	३११५००००
3	रु. ५ लाख देखि २० लाखसम्मका	१०६	८८८७१०००
4	रु. २० लाख देखि ५० लाख सम्मका	२९	८८९०००००
5	रु. ५० लाख भन्दा माथिका	८	५६५०००००
	जम्मा	२१६	२६५४२१०००

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकतर साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा साना आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित आयोजना मध्ये कतिपय आयोजनामा शुन्य प्रगति देखिएको हुँदा वस्तुनिष्ठ तवरले आयोजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५ **बजेट व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१/०३/१० मा रु. ६२ करोड २९ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/०३/१९ मा पारित भएको छ। यसैगरी पालिकाका अध्यक्षले मिति २०८१/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास क्षेत्र	३०२४७७०६	२२१७४८४४	७३.३
२	पूर्वाधार विकास क्षेत्र	१६१२२५३७९	१०६६६२८४१	६६.२
३	सामाजिक विकास क्षेत्र	२३३४६८०२७	२०५९६४३१२३	८८.२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१९८३७६२६	१८२५३५५९	९२.
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१३२१८२५३९	११५४९८२५४	८७.४
कुल जम्मा		५७६९६१२७७	४६८५५३८११	८१.२

पालिकाको क्षेत्रगत वार्षिक बजेटको विवरण अनुसार पूर्वाधार विकासमा सबैभन्दा कम ६६.१६ प्रतिशत र सुशासन र अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ९२.०१ प्रतिशत खर्च भएको देखिन्छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास,

पूर्वाधार विकास, सामाजिक विकास लगायत क्षेत्रका कार्यक्रममा जोड दिँदै विनियोजन अनुसार पुँजीगत खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

७ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
गा.पा. पुंजीगत	१३५४२९०४९	२३०६०६२५	२६१४५६६२	४११३८५६३	४५०८४१९९	७७०४२४४
स्वास्थ्य	१३६१७२९५	२३५२६८०	२५५७६६०	४३०२९८२	४४०३९७३	१५५०००
कृषि	२१२१५९३	-	८४६५१३	-	१२७५०८०	-
संघबाट हस्तान्तरित	६९९५५००	-	४७९५०७५	१२०४९२५	९९५५००	९९५५००
प्रदेशबाट हस्तान्तरित	८८०००००	-	२२१३०४४	२३०००	६५६३९५६	३७९१३०६
जम्मा	१६६९६३४३७	२५४१३३०५	३६५५७९५४	४६६६९४७०	५८३२२७०८	१२६४६०५०
खर्च प्रतिशत	१००%	१५.२२%	२१.९०%	२७.९५%	३४.९३%	७.५७%

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु १६,६९,६३,४३७.०० पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २,५४,१३,३०५.००(१५.२२ प्रतिशत) , दोस्रो त्रैमासिकमा रु. ३,६५,५७,९५४.००(२१.९० प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४,६६,६९,४७०.००(२७.९५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ५,८३,२२,७०७.६०(३४.९३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. १,२६,४६,०५०.००(७.५७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च व्यवस्थापन हुनुपर्दछ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित र अद्यावधिक नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अद्यावधिक अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

९ **सिफारिस र शुल्क असुलीः**

वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षण नभएको तथा सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन। सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

१० **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।

पालिकाले विगत वर्षहरुमा तर्जुमा गरेको ११५ र यस वर्ष तर्जुमा गरेको २५ कानुन समेत हालसम्म तर्जुमा गरेको १४० कानुन मध्ये यस वर्ष १ वटा कानुन खारेज गरेकोमा हाल कार्यान्वयनमा २६ वटा ऐन, १० वटा नियमावली, ८९ वटा निर्देशिका/कार्यविधि तथा अन्य कानुन १४ समेत १३९ वटा कानुन रहेका छन्। तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वियन तथा समयानुकूल परिमार्जन समेत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

११ सेवाप्रवाहको स्थिति :

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ।

विवरण	जम्मा
घरजग्गा नक्शा पास	६३
जन्म दर्ता	४७०
मृत्यु दर्ता	१३७
विवाह दर्ता	१७६
बसाइँसराई दर्ता आउनेको	४७
बसाइँसराई दर्ता जानेको	२६
सम्बन्ध विच्छेद दर्ता	३८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

१२ सामुदायिक वनबाट आय:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिका क्षेत्रभित्र रहेका १४ सामुदायिक वन मध्ये १ वटा सामुदायिक वनले मात्रै पालिकामा कार्ययोजना बनाई पेश गरेको छ भने यस वर्ष सामुदायिक वनबाट पालिकाले जम्मा रु. ७१९८२.७० मात्रै राजस्व आम्दानी बाँधेको देखियो। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सबै सामुदायिक वनलाई पालिकामा कार्ययोजना पेश गर्न लगाई स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको देखिएन। स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना हुनुपर्दछ।

१३ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा यस वर्ष दर्ता भएको विवाद ११ वटा रहेकोमा १० वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई १ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१४ आर्थिक सहायताः

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ। पालिकाले यस वर्ष अन्य आर्थिक सहायता शिर्षकबाट कार्यपालिकाको पटके निर्णय र अध्यक्षको तोक आदेश बमोजिम सहायता वितरण गरी जम्मा रु. ४ लाख ५३ हजार ९५० खर्च गरेको पाइयो। यसैगरी नागरिक उपचार तथा व्यवसायी सुरक्षा र औषधी उपचार सहायता शिर्षकबाट ३५ जनालाई न्यूनतम रु. १० हजार देखि अधिकतम रु. ५० हजार सम्म सहायता वितरण गरी जम्मा रु. १४ लाख ४५ हजार खर्च गरेको छ। यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

१५ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन (पदाधिकारी),इन्धन (कार्यलय प्रयोजन) ,ईन्धन एम्बुलेन्स,ईन्धन (अन्य प्रयोजन) र ईन्धन फोहोरमैला व्यवस्थापन शिर्षकमा रु. ३७ लाख ४५ हजार विनियोजन गरेकोमा पालिकाको मातहतमा रहेका सवारीसाधन साथै पालिकाले भाडामा लिएको सवारीसाधन बापत रु ३२३९५९२.०० खर्च गरेको छ। इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६ **सूचना प्रकाशन र छपाइः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६(क) को उपदफा ३ मा सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ (ग) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष गाउँपालिका चालुतर्फ पत्रपत्रिका तथा सूचना प्रकाशन शिर्षकमा रु. ११ लाख बजेट व्यवस्थापन गरी रु. १००७६१८ खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम विज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. ३०२२८.५४ बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले प्रचलित कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

१७ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै तोकिए बमोजिम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। पालिकामा आन्तरिक लेखापरीक्षण अधिकृतको पद रिक्त रहेकोले अन्तरसरकारी हस्तान्तरण तर्फको बाहेक पालिकाको यस वर्षको कुनै पनि आम्दानी र खर्चका कारोबार तथा कोषहरुतर्फ आन्तरिक लेखापरीक्षण भएको छैन। नियम बमोजिम आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१८ **मर्मत सम्भार खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ।

पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. २८,०६,४२०.०० खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित नियमको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

१९ **वडा संचालन खर्च :**

गण्डकी प्रदेश सभाद्वारा प्रकाशित "गाउँसभा,नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६" को दफा १३ मा पदाधिकारी तथा सदस्यले पाउने भत्ता तथा सुविधा वापतको रकम सम्बन्धीत स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैँकमा खाता मार्फत भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी ६ वटा वडा कार्यालयमा २०८१ साउन देखि २०८२ असार सम्म वडा संचालन खर्च बापत बडा सचिवहरूलाई मसलन्द तथा कार्यालय सामाग्री,वडा समिति वैठक खर्च,ईन्धन,सवारी मर्मत,मेशिनरी तथा औजार मर्मत लगायतका खर्च गरेको बिल संलग्न गरी रू. १९३८००० सोधभर्ना भुक्तानी गरेको छ।वडा कार्यालयहरूवाट खरिद गरिएका जिन्सी सामाग्रीहरू सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला भएको देखिएन।कार्यालयमा खरिद तथा हस्तान्तरण भएका सम्पुर्ण जिन्सी सामाग्रीहरू PAMS मा समावेश नहुदा सम्पत्तिको दुरुपयोग,गलत प्रतिवेदन तथा सम्पत्तिको डिजिटल ट्र्याकिङ नहुने हुदा पालिकाले कानुन तथा बमोजिम बमोजिम सम्पुर्ण जिन्सी सामाग्रीको PAMS दाखिला अनिवार्य गर्नेतर्फ ध्यान दिनुपर्छ।जनप्रतिनिधिको वैठक भत्ताको रकम साथै वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीको दैनिक भ्रमण भत्ता सम्बन्धितको खातामा भुक्तानी नगरी भरपाईको संलग्न गरी वडा सचिवको खातामा भुक्तानी भएको नियमसम्मत देखिएन। सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नभएको तथा पदाधिकारीले पाउने सेवा सुविधा सम्बन्धितको खातामा गएको नदेखिदा वडा संचालन खर्च संचालन गर्ने स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

२० **मर्मत सम्भार खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट लागत अनुमान तथा मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी तथा औजार मर्मतमा गरी जम्मा रु. २८ लाख १५ हजार ८६० विनियोजन गरेकोमा रु. २८०६४२० खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित नियमको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२१ **विविध खर्चः**

स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष अतिथि सत्कार, विविध कार्यक्रम खर्च र चियापान खर्च लगायत विविध खर्च शिर्षकमा रु. ९२४५००.०० विनियोजन गरी रु. ९२३३५०.० खर्च गरेको छ। विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययिता अपनाउनुपर्दछ।

२२ **पदाधिकारी सेवा सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा तथा बैठक भत्ता शिर्षकमा रु. १ करोड २७ लाख विनियोजन गरेकोमा ४४ जना जनप्रतिनिधिहरुको सेवा सुविधा तथा चाडपर्व सुविधा समेत जम्मा रु. ७२८१५०० खर्च गरेको छ।

२३ **करार कर्मचारीबाट स्थायी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनः**

निजामती सेवा ऐन, २०४९ तथा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ मा कार्य सम्पादन मुल्याङ्कन सम्बन्धित कर्मचारीको एकतह माथीको सुपरीवेक्षक, पुनरावलोकन कर्ता र पुनरावलोकन समितिबाट हुने व्यवस्था गरेको छ । ऐन तथा कानुनमा करारमा कार्यत कर्मचारीले सो सँगठनका स्थायी कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने पुनारवलोकन समितीमा बसी कार्य सम्पादन वापत अंक दिन सक्ने व्यवस्था नरहेको र यसरी करार कर्मचारी मूल्याङ्कन समितिमा बस्नु उचित समेत देखिएन।

२४ **प्रयोजन नखुलाई घरभाडामा लिएकोः**

पालिकाले चालु प्रकृतिका खर्च मितव्ययी र प्रभावकारी ढङ्गले गरी वित्तिय अनुशासन कायम गर्नुपर्दछ।कार्यालयले आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुँदा प्राप्त सुझाव तथा कायम बेरूजुको लगत राखी प्रचलित कानुन बमोजिमको रित पुर्याई फर्छौट गर्ने तथा आगामि आर्थिक वर्षमा त्यस्तो प्रकृतिको अनियमिततामा सुधार ल्याउनुपर्नेमा सो सुझावलाई वेवास्ता गर्दै यस आ.व. मा पनि प्रयोजन नखुलाई घरभाडा सम्झौता गरी भुक्तानी गरेकोले खर्चको आवश्यकता,आधार तथा औचित्य पुष्टि भएको देखिएन।पालिका तथा पालिका अन्तर्गतका सवै वडा कार्यालयको आफ्नै भवन भएको अवस्थामा के प्रयोजनको लागि भवन भाडामा लिएको तथा भाडामा लिएको भवन प्रयोग भए नभएको यकिन गर्न सकिएन। पालिकाले दिएको जानकारी अनुसार भाडामा लिएको घरलाई आवश्यकता अनुसार कर्मचारी आवासमा प्रयोग गरिएको भए तापनि स्पष्ट कार्यविधि बनाई कुन कुन कर्मचारीले सो आवास सुविधा पाउने भन्ने खुलाएको देखिएन। पालिकाले आफ्नो आवश्यकता र औचित्य पुष्टी हुने अवस्थामा स्पष्ट कार्यविधि बनाई कुन कुन कर्मचारी तथा शाखा प्रमुखहरुले घर भाडा सुविधा प्राप्त गर्ने हो सो खुलाई भुक्तानी गर्नु पर्नेमा घरभाडाको प्रयोजन नखुलाई विभिन्न ७ घरधनीसँग सम्झौता गरी यो वर्ष रू. ८५६३५६ घरभाडा भुक्तानी भएको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

अनियमित भएको	८,५६,३५६

२५ **सेवा प्रवाह सम्बन्धी जानकारीमुलक भिडियो निर्माणः**

गण्डकी प्रदेशको 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८' को दफा २३ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। पालिकाले आफुले प्रवाह गर्ने सेवाको सम्बन्धमा सर्वसाधारणलाई जानकारी दिने भनी अस्पताल लगायत कार्यालयका सेवा प्रवाहको भिडियो बानाए वापत गो.भौ.नं २०० मिति २०८८१।०६।१७ बाट एनिग्राफि स्टुडियो प्रा.लि. लाई रु. ४६००००.०० भुक्तानी गरेको पाईयो। कार्यालयले सो सेवा प्रवाहको जानकारी सर्बसाधाहरणलाई प्रवाह गर्न कुन माध्यमको प्रयोग गर्ने, टेलिभिजनबाट प्रसारण गर्ने वा सबैले देख्न सक्ने गरी कार्यालयको वेभसाईटको मुख्य पेजमा राख्ने सो सम्बन्धमा कुनै सम्झौता गरेको पाईएन । निज परामर्शदाताले पेश गरेको भिडियो कार्यालयले डिस्कमा राखेकोले जुन प्रयोजनको लागी भिडियो बनाईएको हो सो को उद्देश्य पुरा भएको पाईएन । यसरी प्रयोग विहिन हुने गरी भिडियो बनाई कुनै विद्युतिय साईटमा नराखेको कारण सो बाट सर्वसाधारणले कुनै जानकारी लिने अवस्था समेत नरहने हुनाले सो निर्माणमा भएको खर्च उपयोग विहिन देखिँदा उपलब्ध स्रोत साधनको समुचित उपयोग भएको नदेखिएकोले नियम हुनुपर्ने रु.

अनियमित भएको	४,६०,०००

२६ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो। पालिकाले आ.व. २०८१।८२ मा मसलन्द तथा कार्यालय सामग्री र पुस्तक पटक पटक सोझै खरिद गरी रु. ३४ लाख ९१ हजार खर्च गरेको पाइयो। सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।लेखापरीक्षणका क्रममा देखिएका केहि उदाहरणहरू निम्न छन।

मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद सम्बन्धी प्रमुख उदाहरणहरु				
क्र.सं	आपूर्तिकर्ता	भौचर नं.	खर्च रु.	कैफियत
१	अस्मिता ट्रेड कन्सर्न	[१५० - ०८१।०६।८]	४९९१७६	
		[४३१ -०८१।०९।१८]	३०८०१५	
२	अनुश्री सप्लायर्स	[१७७ -०८१।०६।२५]	६७४०४	
		[६७९ -०८१।१२।१९]	९८५००	
३	शिवशक्ती कलर ल्याव ऐण्ड फोटो स्टुडियो	[१९७ -०८१।०६।१६]	२३३०००	
४	देवकोटा छापाखाना तथा व्याग प्रिन्ट	[२४१ -०८१।०६।२२]	९१७०५	
		[४६३ -०८१।०९।२८]	८३६१८	
५	नारायणी कम्प्युटर सप्लायर्स	[४१७ - ०८१।०९।१६]	१०६३५०	
		जम्मा	१४८७७६८	

२७ **गत आ.व.को छुट पारीश्रमिकः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **७७४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **बढी ग्रेड भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४०,५९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२९ **फरक शिर्षकः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भनी व्यवस्था गरेको छ।सोहि बमोजिम पालिकाले सभाबाट स्विकृत वार्षिक बजेटको परिधिभित्र रहि खर्च गर्नुपर्नेमा यस आर्थिक वर्षमा शिर्षक बाहिर गई अन्य शिर्षकमा खर्च गरेकाले रू. १५९९०० नियमित गर्नुपर्ने

क्र.सं.	गो.भौ.नं./मिति	खर्च शिर्षक	खर्च भएको विवरण	खर्च रु.
१	७७०-०८१/१२/२८	उपाध्यक्ष महिला शशक्तिकरण कार्यक्रम	मगर दिवसको कार्यक्रममा भएको सास्कृतिक तथा खेलकुद कार्यक्रमको लागि भुक्तानी	८४९००
२	८४८-०८२/१/३०	सेवा र परामर्श खर्च	विद्यार्थीलाई प्रतिवेदन तथा परियोजना कार्य गरेवापत प्रोत्साहन रकम भुक्तानी	६००००
३	१०२६-०८२/३/२३			१५०००
जम्मा				१५९९००

अनियमित भएको	१,५९,९००

३० **भ्रमण अभिलेख एवं प्रतिबेदन-**

भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्नेछ। नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। कार्यालयले कर्मचारी तथा पदाधिकारीले अनुगमन तथा भ्रमण गरेको विवरण पेश गरी पालिकाले चालु तर्फ अनुगमन तथा मूल्याङ्कनमा रु. ९८८०० र भ्रमण खर्च शिर्षकमा रु. १६००००० गरी कुल रु. १६९८८०० खर्च लेखेको छ। अधिकांश भ्रमण आदेशमा भ्रमण प्रयोजनमा काम विशेष नखुलाई कार्यालयको कामकाज लेखेको तथा कार्यालयको कामको लागी विभीन्न स्थानमा खटिएको देखिन्छ। साथै भ्रमणको उपलब्धी सहितको भ्रमण प्रतिवेदन संलग्न राखेको पाइएन। कतिपय भ्रमण खर्चमा भ्रमण प्रतिवेदन समावेश गरेतापनि त्यस्तो प्रतिवेदनमा भ्रमणको उद्देश्य र सो बमोजिम प्राप्त उपलब्धी जस्ता विषयवस्तु समावेश नगरी केवल अवधि र स्थानमात्र उल्लेख गर्ने गरेको पाइयो। नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन संलग्न गर्ने गरी अत्यावश्यक कार्यमा मितव्ययी रूपमा भ्रमण खर्च व्यवस्थापन हुनुपर्दछ।

भ्रमण प्रयोजन नखुलेका केही उदाहरणहरू					
क्र.सं.	भ्रमण उद्धेश्य	भौचर नं./मिति	भ्रमण संङ्ख्या	खर्च रु.	कैफियत
१	कार्यलय कामकाज	[३१२ - ०८१।०८।५]	४	३५०००	भ्रमण अभिलेख नराखेको
२		[६११ - ०८१।१२।१२]	१	७०००	
३		[९६८ - ०८२।०३।१२]	२	५०००	
४		[६११ - ०८१।१२।१२]	१	७०००	भ्रमण अभिलेख र प्रतिवेदन दुवै नभएको
५		[९२५ - ०८१।१२।२७]	५	१९५००	
६		[३२० - ०८१।०८।६]	१	४२५०	भ्रमण प्रतिवेदन नभएको
७		[४२० - ०८१।०९।११]	१	८५००	
८		[५८२ - ०८१।११।११]	१	१२५००	
९	कार्यालय कामकाज	[५८३- ०८१।११।११]	१	४८०००	
१०	कार्यालय कामकाज	[५८३ - ०८१।११।११]	१	९४००	
११	कार्यालय कामकाज	[६०२ - ०८१।११।२१]	१	२२२००	
१२	प्रशासनिक काम	[६६४ - ०८१।१२।७]	२	१६०००	
१३	कार्यलय कामकाज	[४६० - ०८१।९।२५]	५	४४७५०	
जम्मा				२३९१००	

३१ निरीक्षण प्रतिवेदन तयार नगरेकोः

सार्वजनिक खरिद नियमावली - २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी गराई स्वीकृत वा अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदनलाई खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने व्यवस्था छ। पालिकाले श्री मित्रता माध्यमिक विद्यालयमा Digital ID Card सहितको Smart Attendance System जडान गरेवापत इम्बिडेड सोलुसन प्रा.ली. लाई रू.१५०४५० भुक्तानी गरेको छ।जडान गरिएको प्रविधिको प्राविधिक निरीक्षण वा परीक्षण गरी गराई निरीक्षण प्रतिवेदन तयारी र खरिद कारबाहीको अभिलेखको रुपमा राख्ने कार्य गरेको छैन। आपूर्ति भएको सामाग्रीको गुणस्तर सम्बन्धमा सुनिश्चित हुन नियमावलीको व्यवस्था बमोजिम प्राविधिक निरीक्षण वा परीक्षण गराई प्रतिवेदन तयारी नगरी भुक्तानी गरेको रु. १५०४५०.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्दछ।

अनियमित भएको	१,५०,४५०

३२ **दरबन्दी बाहिरको करार सेवाः**

(….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **८,४०८,३४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

३३ **तलब भत्ता भुक्तानीः**

पालिकाले यस वर्ष संघीय निजामती सेवा तर्फका २ स्थायी कर्मचारी र पालिका तर्फका २२ कर्मचारीको तलब भत्तामा पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. १५७९०३१९.७४ र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका स्थायी कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट रु. १३६९३११२.४८ खर्च लेखेको छ।

[द्रष्टब्यः तलबी प्रतिवेदन पारित नभएकोले तलब भत्ता भुक्तानीको तुलना गर्दा ०८१ असारको तलबी भरपाइलाई आधारको रुपमा लिइएको छ।]

तलब भत्ता भुक्तानी सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३३.१ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन - २०४९, स्वास्थ्य सेवा ऐन - २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन - २०७४, शिक्षा ऐन - २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष तलब खर्च लेख्दा संघीय निजामती सेवा तर्फका दुई जना बाहेक अन्य कर्मचारीको तलबी प्रतिवेदन पारित गराएको देखिएन। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३३.२ **फरक कृयाकलापमा खर्चः** संघीय सशर्त तर्फको बजेट तोकिएको कार्यमा मात्र खर्च लेखी बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा पालिकाले यस वर्ष स्वास्थ्य तर्फ स्थायी कर्मचारीको तलब भत्ता (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) को लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाट जम्मा रु. १ करोड ३६ लाख ९३ हजार खर्च गरेको मध्ये शर्त र सम्बन्धित शिर्षक भन्दा फरक क्रियाकलापमा तपशिल बमोजिम रु. ८८१६४.०० खर्च गरेको देखिएकोले स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता शिर्षकबाट फरक शिर्षकमा भएको खर्चको विवरण			
क्र.सं.	खर्चको विवरण	खर्च रु.	कैफियत
१	आन्तरिक स्रोतबाट तलब पाउने १ जना करार नगर प्रहरीको बैशाख महिनाको तलब भत्ता भुक्तानी	१८०००	भौचर नं. २३७ - ०८२।०२।०४
२	आन्तरिक स्रोतबाट तलब पाउने १ जना करार नगर प्रहरीको जेठ महिनाको तलब भत्ता भुक्तानी	१८०००	भौचर नं. ३०२ - ०८२।०३।०३
३	आन्तरिक स्रोतबाट तलब पाउने २ जना करार नगर प्रहरीको बैशाख महिनाको तलब भत्ता भुक्तानी	५२१६४	भौचर नं. ३६६ - ०८२।०३।१३
	जम्मा रु.	८८१६४	सशर्त बजेट अन्य कृयाकलापमा खर्च

प्रमाण पेश नगरेको	८८,१६४

३४ **अतिरिक्त भत्ता भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१२७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५ **कृषि तथा पशुमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ रु. १९ लाख ४१ हजार र पशु तर्फ रु. ३६ लाख ९० हजार समेत कृषि तथा पशुमा अनुदान वितरण गर्न जम्मा रु. ५६ लाख ३१ हजार खर्च भएको बेहोरा निम्नानुसार देखिन्छ।

कृषि तर्फको अनुदान वितरण विवरण				
क.सं.	अनुदान शिर्षक	लाभग्राही (व्यक्ति /समूह)	खर्च रु.	कैफियत
१	कफी खेती प्रवर्द्धन कार्यक्रम	२३	६००००	७५% अनुदान
२	सयपत्री फूल खेती कार्यक्रम	३६	१५५३५८	उत्पादन र बजारीकरण सहयोग
३	उत्पादनमा आधारित (मास,मह र गुन्द्रुक) अनुदान	११९	३९४१५०	प्रति के.जी. रु. २५
४	७५% अनुदानमा खाली मौरी घार वितरण	४८	६७६५००	२२० खाली मौरी घार वितरण
५	नयाँ तरकारी पकेट विकास कार्यक्रम (सशर्त अनुदान)	५०	६५५११७	बिउबिजन, विषादी/भिटामिन र सिँचाई
	जम्मा	२७६	१९४११२५	
पशु विकास तर्फको अनुदान वितरण विवरण				
१	नि:शुल्क पशु बीमा कार्यक्रम	-	२६६१५५	२०% बीमा शुल्क
२	बाख्रा खोर सुधार कार्यक्रम	७	२६२२९३	८५% अनुदान
३	उत्पादनमा आधारित दुग्ध अनुदान	-	१६२६६०५	प्रति लि. रु.४
४	दुग्ध व्यवसाय प्रवर्दन कार्यक्रम	३	७८७०५०	७५% अनुदान चिलिङ भ्याट लगायत मेशिन
५	उन्नत जातको ब्याड बोका/राँगा वितरण	२०	७४८२१३	७५% अनुदानमा २२ बोका र १ राँगो
	जम्मा	**३०**	**३६९०३१६**	
	कुल जम्मा	**३०६**	**५६३१४४१**	

कृषि तथा पशुमा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

३६ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्‍याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य

रहेको उल्लेख छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान रु. ११ लाख ६० हजार विनियोजन भएकोमा पालिकाले तपशिल बमोजिम रु. ११ लाख ६० हजार खर्च गरेको छ।

क.सं.	कार्यक्रम /प्यकेजको नाम	विस्तृत विवरण	खर्च रु.	कैफियत
१	उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता	१ जनालाई	४३७७२६	(सहायक चौथो तह)
२	नयाँ उद्यमी सिर्जना तर्फ (क्याण्डी बनाउने तालिम)	(१७ जनालाई ५ दिन)	१६५९४०	वडा नं. ३
	नया उद्यमी सिर्जना तर्फ रैथाने खाजा उत्पादन तालिम	१४ जनालाई ३ दिन	१२७३००	वडा नं. ३
३	अभिमुखीकरण तथा परामर्श	-	६३०००	वडा नं. ९
४	पुराना उद्यमीलाई धुप बनाउने स्तरोन्नति तालिम	३४ जनालाई ५ दिन	१३६०००	वडा नं. १
५	प्रविधि हस्तान्तरण	४ वटा उद्यमी समूह	१८९८२३	२० % साझेदारी
६	बैठक भत्ता र अन्य खर्च	समन्वय समिति	४०२५१	उद्यम विकास
	जम्मा खर्च रु.		११६००४०	

तालिमबाट उत्पादित सामग्रीको बिक्री वा जिन्सी दाखिलाः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि बिक्री नभएमा स्टोर दाखिला गरी यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८१/८२ मा क्याण्डी बनाउने र धुप बनाउने सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। यसबाट एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

३७ **दूध उत्पादनमा प्रोत्साहन अनुदानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रु **९,०४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८ **सहकारी संस्थाको सञ्चालन र नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा २३ सहकारी संस्था दर्ता रहेकोमा २२ वटाले नियमित रुपमा पालिकामा विवरण पेश तथा कोपोमिस अद्यावधिक गरेका छन्। स्थलगत लेखापरीक्षणको क्रममा पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा अस्तित्वमा रहेका २३ वटा मध्ये २२ वटा सहकारीमा १५८२६ शेयर सदस्यको कुल शेयर पुँजी रु. ४२१६१५००३.०० रहेकोमा हालसम्मको बचत निक्षेप रकम रु. १३८१७४८२५५.०० रहेको छ। पालिकामा सञ्चालित सहकारी संस्थाहरुले ३६७१ जना ऋणीलाई रु. १३१२५६७८८५.०० ऋण प्रवाह गरेको पाइयो। कुल ऋण प्रवाहमध्ये ५४५ जना ऋणीलाई प्रवाह भएको ऋण रकम रु. ५९६१७५६३.६० भाखा नाघेको ऋण रहेको देखियो। सहकारी संस्थाले लगानी गरेको ऋण रकम जोखिममा पर्न नदिन सहकारी संस्थाले भाखा नाघेको ऋणीहरुको नाम नामेसी सार्वजनिक गरी उनीहरुबाट ऋण असुल गरेर जोखिममा रहेको सर्वसाधारण बचतकर्ताको बचत फिर्ता सुनिश्चित गर्नुपर्दछ भने पालिकाले सहकारी संस्थाहरुको सघन रुपमा अनुगमन र नियमन गर्नेतर्फ गम्भीर भएर लाग्नुपर्दछ।

३९ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियकलाप सञ्चालनका लागि आधारभूत तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १० हजार र माध्यमिक तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १५ हजार एकमुष्ट अनुदान वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यको लागि आधारभूत तह सञ्चालित १८ वट विद्यालयहरुलाई प्रति विद्यालय रु. १० हजारका दरले रु. १८००००.०० र माध्यमिक तह सञ्चालित ६ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १५ हजारका दरले रु. ९००००.०० समेत जम्मा रु. २७००००.०० निकासा दिएकोमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ कार्तिक ३० सम्म विद्यालयहरुको सामाजिक परीक्षण सम्पन्न भई प्रतिवेदन समेत प्राप्त भएको भए तापनि तपशिल बमोजिमका विद्यालयको आर्थिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन। तसर्थ सम्बन्धित विद्यालयहरुबाट आर्थिक लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश हुनुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	निकासा रु.	कैफियत
१	छिम्केश्वरी मा.वि.	१५०००	
२	चन्द्रोदय मा.वि.	१५०००	
३	लक्ष्मी मा.वि.	१५०००	
४	कन्यादेवी मा.वि.	१५०००	
५	मित्रता मा.वि.	१५०००	
	जम्मा	७५०००	

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालियले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	७५,०००

४० **इन्टरनेट जडानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले आधारभूत तथा माध्यमिक विद्यालयलाई इन्टरनेट जडानका लागि एकमुष्ट अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले २४ विद्यालयमा इन्टरनेट जडानको लागि रु. ३४३०००.०० अनुदान निकासा दिएकोमा स्थलगत लेखापरीक्षण अवधि २०८२ मंशिर १२ सम्म तपशिल बमोजिमका १ विद्यालय(इन्द्रदेवी आ. वि .)ले इन्टरनेट जडानको लागि निकासा भएको रकम रु. १२००० सम्बन्धित प्रयोजनमा खर्च गरेको प्रमाण पेश भएको नपाइएकोले सोको सम्बन्धमा प्रमाण पेश हुनुपर्दछ अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६,०००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१२,०००

४१ **आन्तरिक राजश्वः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ४,८६,०९,८९०.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८१।८२ मा रु. ५,७८,२२,८१६.६५ राजस्व आम्दानी प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

४१.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय अनुदानबाट गरेको आम्दानीको तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

संघीय अनुदानबाट जम्मा प्राप्ति	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२५,६१,७८,७९५.००	५,७८,२२,८१६.६५	२२.६

उपर्युक्त विवरण अनुसार यस स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको आयको तुलनामा आन्तरिक आयको हिस्सा २२.६० प्रतिशत मात्र रहेको छ।

४१.२ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ३१४८४२५.०० कर सङ्कलन गरेको देखियो। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको करदाता अभिलेख अद्यावधिक गरेको नदेखिँदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबै व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउनुपर्दछ।

४१.३ **आय ठेक्का ब्यबस्थाः** गाउँपालिकाले पालिकाभित्रको पर्यटकीय क्षेत्र ऐना पहरा सरसफाई तथा प्रवेश शुल्क वापत आ.व. २०८१।०८२ को लागी विद्यार्थीको लागी रु. ३० स्थानीयको लागी रु. ५० र विदेशी पर्यटकको लागी रु. १०० शुल्कको दर तोकेबमोजिम उक्त स्थानमा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटनको अभिलेख राखी तथ्यांकमा आधारित भई वार्षिक न्युनतम कवोल अंक कायम गरी खुला वोलपत्रको माध्यामबाट प्रतिस्पर्धात्मक असुली प्रक्रिया हुनुपर्नेमा गाउँपालिकाले अमानतबाट निम्नानुसार रु. ५४,४७,५५०.०० असुली भएको पाइयो।

ऐना पहरा सरसफाई तथा प्रवेश शुल्क						
सि.नं.	दर	छपाई संख्या	विक्री	बाँकी	असुली	कैफियत
१	रु. ३० विद्यार्थी	१५०००	६५७५	८४२५	१९७२५०	
२	रु. ५० स्थानीय	८२४५०	७३६५८	८७९२	३६८२९००	
३	रु. १०० विदेशी	१७७००	१५६७४	२०२६	१५६७४००	
	जम्मा	११५१५०	९५९०७	१९२४३	५४४७५५०	

पालिकाको वातावरण शुल्क असुली सम्वन्धमा विश्लेषण गर्दा कुल राजश्व असुलीमा प्रथम ६ महिनामा अमानतबाट असुली गर्दा उक्त असुलीको ७.७३ प्रतिशत र पछिल्लो ६ महिनामा ठेक्का प्रक्रियाबाट असुली गर्दा ९२.२७ प्रतिशत असुली देखिन्छ। पालिकाको

अमानतबाट राजश्व असुली क्षमता कमजोर देखिन्छ। ऐनापहराको सरसफाई तथा प्रवेश शुल्क अमानतबाट उठाउने प्रयोजनार्थ नियुक्त ३ जना कर्मचारीको पारिश्रमिक रु. २४७७००, दुई जना नगर प्रहरीको अतिरिक्त सुविधा रु. १९२००० समेत पारिश्रमिक खर्च रु. ४३९७०० र सुरक्षा सामग्री बापत रु. ५२०००, सरसफाइ सामग्री रु. १८१७७० र टिकट छपाइमा रु. ४९१७०० प्रत्यक्ष खर्च भएको छ। सोही प्रयोजनमा भएको सरसफाइसँग सम्बन्धित र अन्य लजिस्टिक खर्चको यकिन अभिलेख पालकाले नराखेको कारण यस सम्बन्धमा विश्लेषण गर्न सकिएन। पालिकाबाट भएको वातावरण शुल्क असुलीको ६।६ महिनाको अमानत र ठेक्काबाट भएको असुलीको अनुपात विश्लेषण गर्दा ठेक्काबाट असुली बढी प्रभावकारी पालिकाको आय वृद्धिको लागि अनिवार्य रुपमा खुला वोलपत्रको माध्यामबाट शुल्क असुली हुनुपर्दछ।

४१.४ **वातावरण शुल्कः** आबुखैरेनी गाउँपालिकाको क्षेत्र अधिकार भित्रको प्राकृतिक साधन तथा स्थानीय उत्पादित वस्तुहरु आफ्नो क्षेत्र अधिकार वाहिर लैजान लाग्ने वातावरण शुल्क वापत मु.अ. कर वाहेक आ.व. २०८१।८२ मा शुरुमा न्युनतम कवोल अंक रु. ६०,००,०००.०० कायम गरी वोलपत्र आह्वान गरेकोमा दोस्रो पटक सूचना जारी गर्ने वेला सम्म कुनै कवोल कर्ता (वोलपत्र पेश) नभएकोले न्युनतम अंक रु. ४९,२०,०००.०० कायम गरी तेस्रो पटक सूचना प्रकाशन गरेकोमा सो समयमा समेत कुनै पनि वोलपत्रदाताले कवोल नगरेको कारण कार्यपालिकाको मिति २०८१।०७।२३ को निर्णयले मु.अ. कर वाहेक रु. १६,१०,०००.०० को कवोल अंकमा ऐ. सुर्य प्रसाद रेग्मीसँग २०८१ माघ ३ मा सम्झौता भई असुली भएको छ। ठेक्का नलागेको अबधी २०८१ श्रावण देखी २०८१ माघ २ गते सम्म ४२५ थान नगदी रसिद प्रयोग गरी अमानतबाट रु.१,३४,८३१.०० राजश्व उठेको छ। पालिकाले आन्तरिक आय असुलीमा प्रभावकारीता नदेखाएकोले गत बर्ष मु.अ. कर बाहेक रु. ८१,२६,६००.०० असुली भएकोमा अमानत समेत यो वर्ष रु. १७,४४,८३१.०० असुल गरेको छ जुन गत वर्षको तुलनामा २१.४७ प्रतिशत रहेको देखिन्छ्। चालु वर्ष कुल असुली रु. १७,४४,८३१.०० मध्ये प्रथम ६ महिनामा अमानतबाट ७.७३ प्रतिशत र पछिल्लो ६ महिनामा ठेक्काबाट ९२.२७ असुली भएको छ। पालिकाले आफ्नो आय व्यबस्थापनमा प्रभावकारीता कायम गर्नु पर्दछ।

४१.५ **पछिल्लो तीन वर्षको आयः** पालिकाको पछिल्लो तीन आर्थिक वर्षको आन्तरिक आय अनुमान र असुलीको तुलनात्मक विवरण निम्नानुसार रहेको छ।

[रु . हजारमा]								
आ. व . २०७९।८०			आ. व . २०८०।८१			आ. व . २०८१।८२		
अनुमान	असुली	असुली %	अनुमान	असुली	असुली %	अनुमान	असुली	असुली %
६३३९५	३५९९५	५६.७८%	६५३१८	३७११९	५६.८२%	४८६१०	५७८२३	११९.००%

उपर्युक्त तालिकामा उल्लेखित विवरण अनुसार यस पालिकाको आन्तरिक राजस्व आय सङ्कलनमा अपेक्षाकृत सुधार हुन सकेको देखिँदैन। आर्थिक वर्ष ०७९।८० मा असुल भएको आन्तरिक आयको तुलनामा ०८०।८१ मा केही बढी आय असुली भए तापनि चालु आ.व. ०८१।८२ मा असुल भएको आन्तरिक आयमा करिब ६० प्रतिशत अस्पतालको आयको योगदान रहेको छ। आन्तरिक आय सङ्कलनलाई यथार्थपरक र प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४१.६ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। सोही बमोजिम पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशील रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको पाइयो।

क्र.सं.	आम्दानी प्राप्तिको श्रोत	अनुमानित आय	असुली रु.	असुली %
१	११३१३ - सम्पती कर	१३४००००	९३६०००.	६९.८५
२	११३१४ - भुमिकर/मालपोत	३७०००००	३२६७१९४.५	८८.३१
३	११३१७ - वहाल कर	५००००००	३९७४९३२.२७	७९.५
४	११३१८ - वहाल विटौरी कर	२०००००	१५७१३०.	७८.५७
५	११४७९ - अन्य मनोरञ्जन कर	४८००००	१८७५०.	३.९१
६	११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	३०००००	२०७००.	६.९
७	११६९१ - अन्य कर	५४००००	१८०३८२.७	३३.४१
८	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	८२००००	५५७२००.	६७.९६
९	१४२१८ - विद्युत सेवा शुल्क	-	-	-
१०	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री (सरसफाई शुल्क- १२१९८८)	८०००००	४४०४१०.	५५.०६
११	१४२२१ - न्यायिक दस्तूर	२४००	०.	०.
१२	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	६००००	२३८००.	३९.६७
१३	१४२२४ - परीक्षा शुल्क	-	-	-
१४	१४२२५ - यातायात क्षेत्रको आम्दानी	२०००००	७७५००.	३८.७५
१५	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	६४००००	६५३५९५.	१०२.१३
१६	१४२४२ - नक्सापास दस्तुर	१२२००००	१४६६१९७.७	१२०.१८
१७	१४२४३ - सिफारिश दस्तुर (विद्युत सम्बन्धी दस्तुर-१४३६०)	१६४९४४०	१५२११४०.	९२.२३
१८	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००	४१७२४०.	१३९.०८
१९	१४२४५ - नाता प्रमाणित दस्तुर	५०००००	२९४१२०.	५८.८३
२०	१४२४९ - अन्य दस्तुर	३००००	३०८००.	१०२.६७
२१	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	-	-	-
२२	१४२६२ - विद्युत सम्बन्धी दस्तुर	-	-	-
२३	१४२६५ - अन्य क्षेत्रको आय (ऐना पहरा-५४६५२८५ +मोटरबोट-२७०६२५)	५८०००००	५७३५९१०.	९८.९
२४	१४३११ - न्यायिक दण्ड जरिवाना र जफत	-	-	-
२५	१४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत	५२००००	२७३२५३.	५२.५५
२६	१४३१३ - धरौटी सदरस्याहा	-	-	-
२७	१४५२९ - अन्य राजस्व (अस्पताल-२७१५३९३९)	२००००००००	३४४७७१७५.४८	१७२.३९
२८	१४६११ - व्यवसाय कर (व्यावसाय रजिष्ट्रेशन दस्तुर समेत)	४१८८०५०	३१४८४२५.	७५.१८
२९	१५१११ - बेरूजू	३२००००	१५०९६१.	४७.१८
३०	३२१२२ - बैंक मौज्दात	-	-	-

जम्मा	४८६०९८९०	५७८२२८१६.६५	११८.९६

माथि उल्लेखित विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा कतिपय आम्दानी शिर्षकमा अनुमान नै नगरिएको, कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको र कतिपय शिर्षकमा शुन्य असुली भएको देखिँदा यस पालिकामा पहिचान भएका राजस्वका सबै आन्तरिक श्रोतहरु उचित तरिकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व सम्बन्धित शिर्षकमा समयमै दाखिला गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको यर्थाथपरक अनुमान मार्फत आन्तरिक स्रोतको परिचालनमा अभिवृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

[द्रष्टव्यः पालिकाले आर्थिक कारोबारको एकीकृत विवरणमा आन्तरिक आय रु. ५७८०३०८७.०० लेखाङ्कन गरेकोमा राजस्व सम्बन्धी विवरणमा रु. ५७८२२८१६.६५ उल्लेख गरेको देखिँदा राजस्व सम्बन्धी विवरणमा उल्लेख भएको भन्दा आर्थिक करोबारको एकीकृत विवरणमा लेखाङ्कन भएको आन्तरिक आयको रकम रु. १९७२९.६५ ले घटी रहेको देखिन्छ। यस सम्बन्धमा आर्थिक विवरणमा कुनै पनि खुलासा गरिएको छैन।]

४१.७ **फोहोरमैला व्यवस्थापन शुल्कः** आँबुखैरेनी गाउँपालिका र कामाक्ष ट्रेड कन्सर्न प्रा.ली. आँबुखैरेनीको प्रोपाइटर गणेश थापा बिच मिति २०८०।०४।०२ मा भएको फोहोरमैला ब्यबस्थापन सम्बन्धी सम्झौताको शर्त नं. ७ को ख मा फोहोरमैला ब्यबस्थापनको लागी सेवा प्रवाहको आधारमा शुल्क निर्धारण गरिने सो बमोजिम शुल्क उठाउन घर धुरी पसल व्यावसाय, होटल, औधोगिक आदी क्षेत्रहरु वर्गीकरण गरी शुल्क निर्धारण प्रथम पक्ष र दोस्रो बिच समझदारी लागु गरिने संकल्प गरिएकोमा कुल जम्मा रकमको ७५ प्रतिशत फोहोरमैला व्यवस्थापन कार्य, १० प्रतिशत गाउँपालिकाको कार्यालय र १५ प्रतिशत टोल सुधार योजना अनुरुप सामाजिक विकाश कार्यमा एवं सडक बत्ति व्यवस्थापन गर्ने गरी प्रथम पक्ष मार्फत खर्च/फिर्ता गर्ने व्यवस्था मिलाइने उल्लेख भएकोमा पालिकामा ठेकेदारबाट पेश भएको विवरण अनुसार २९ टोल विकास संस्थाले मासिक रु. १,००,८२८.०० का दरले आ.व. २०८०।०८१ मा र २०८१।०८२ गरी २४ महिनाको रु. २४,१९,८७२.०० कुल असुली भएकोमा सो को १० प्रतिशतले हुने रु. २,४१,९८७.२० पालिकामा दाखिला गरेको देखिए तापनी प्रथम पक्ष (गाउँपालिका) मार्फत हुने टोलसुधार कर योजना अनुरुप सामाजिक विकाश कार्यक्रम एवं सडक वत्ति व्यवस्थापनमा गर्ने १५ प्रतिशतले हुने रु. ३,६२,९८०.०० को कार्यको लागी दोस्रो पक्ष (ठेकेदार) ले रकम उपलब्ध गराई गाउँपालिकाबाट सम्झौतानुसारको क्रियाकलापमा खर्च गरेको नदेखिएकोले दोस्रो पक्ष (कामाक्षी ट्रेड कन्सर्न प्रा.ली. आवुखैरेनीको सञ्चालक गणेश थापाबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,६२,९८०

४२ सामाजिक सुरक्षा तर्फः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ८ करोड ८० लाख ८ हजार विनियोजन भएकोमा पालिका भित्रका २२३३ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत तपशिल बमोजिम रु. ८ करोड ७७ लाख २९ हजार खर्च भएको छ।

सामाजिक सुरक्षा भत्ता वितरण विवरण आ.व. (२०८१/८२)						
वडा नं	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	वार्षिक जम्मा	लाभग्राही संख्या (चौथो त्रैमासिक)
१	४४३५६३०	४४०४१८५	४४३५२४७	४४८१०९५	१७७५६१५७	४६३
२	३७९३७९९	३८२३११९	३८५६१५६	३९२५४५५	१५३९८५२९	३९२
३	४६४९०१०	४६८९५२८	४७१४५३५	४७६३८५०	१८८१६९२३	४९७
४	२६९७३१४	२७१६३६९	२७२२५०३	२७८१९११	१०९१८०९७	२६८
५	२७९६७२७	२७७९५६४	२७९०४३७	२८१७१८८	१११८३९१६	२६९
६	३३७४१०६	३४१८०६६	३४७९९१२	३४९४५१८	१३७६६६०२	३४४
जम्मा	**२१७४६५८६**	**२१८३०८३१**	**२१९९८७९०**	**२२२६४०१७**	**८७८४०२२४**	**२२३३**
	फिर्ता भएको				१११२२५	
	सामाजिक सुरक्षा भत्ता वितरणमा भएको खुद खर्च				८७७२८९९९	

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य बेहोरानिम्न छन्।

४२.१ **समीक्षा तथा सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। सोही कार्यविधिको दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक तथा स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। कार्यक्रमको समीक्षा तथा सूचना प्रवाह सम्बन्धमा समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

४२.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ।

४३ **दिवा खाजाका लागि विद्यालयलाई अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.११.१ - तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत स्थानीय तहले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङकका आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र एक वर्षमा बढीमा १८० दिनको दिवा खाजा बापतको रकमसम्बन्धित विद्यालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकामा दिवा खाजा कार्यक्रमको लागि यस वर्ष संघीय सशर्त अनुदान मार्फत रु. ५० लाख ६५ हजार विनियोजन भएकोमा पालिकाले बालविकास देखि ६ काक्षा सम्म अध्ययनरत २०११ जना विद्यार्थीको दिवा खाजा बापत २४ वटा सामुदायिक विद्यालय र १ बाल विकास केन्द्रलाई तपशिल बमोजिम जम्मा रु. ५३ लाख ४१ हजार निकासा गरेको छ।

तोकिएकाविद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान बापतको भौचर अनुसार निकासा विवरण			
क्र.सं.	गोश्वाराभौचर नं.	जम्मानिकासा	कैफियत
१	२८१ - ०८२।०२।२९	१२०२५६५	बैशाख, जेठ र असार महिनाको लागि
२	२५४ - ०८२।०२।१८	८७२८६५	फागुन र चैत्र महिनाको लागि
३	१३० - ०८१।११।०९	१७४६९९०	मंशिर, पौष र माघ महिनाको लागि
४	६९ - ०८१।०८।०६	१५१८३९०	साउन, भाद्र, असोज र कार्तिक महिनाको लागि
	जम्मा	५३४०८१०	

विद्यालयगत वार्षिक निकासा विवरण

तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई निकासा - ०८१।८२								
क.सं.	विद्यालयको नाम	EMIS अनुसार कक्षा ६ सम्मका जम्मा विद्यार्थी	दिवा खाजाको लागि निकासा भएको रकम रु.					कैफियत
			पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	चौथो किस्ता	जम्मा निकासा	
१	विशेश्वर प्रा. वि	१२	७८३०	१०७१०	४७८५	७२००	३०५२५	
२	सातकन्या प्रा वि	२४	२०५९५	२१८८५	१०७८५	१४४७५	६७७४०	
३	कामधेनु प्रा वि	२०	८१७५	१२०७५	६२४०	६२१०	३२७००	
४	सूर्योदय आ. वि	७८	६८४३०	७३४४०	२८६५०	५१२४०	२२१७६०	
५	धर्मोदय प्रा वि	१८	११७९०	१७८२०	८२५०	६०७५	४३९३५	
६	विकास ज्योति प्रा वि	२१	१२९९०	१९८३०	९०००	१३८४५	५५६६५	
७	अरूणोदय प्रा वि	२६	१८७५०	२६५२०	२१४५०	१४३१०	८१०३०	
८	पञ्चकन्या प्रा वि	२५	१८१२०	२५११०	१३२००	२२२७५	७८७०५	
९	जलदेवी प्रा वि	४१	१९५७५	३१७७०	१६५९०	३१२४५	९९१८०	
१०	अन्नपूर्ण प्रा वि	१०४	८३७१५	८८०२०	४४३७०	६३३३०	२७९४३५	
११	जम्मा देवी प्रा वि	३८	२५९२०	३९८५५	१७५५०	१९४४०	१०२७६५	
१२	आँबु प्रा. वि	३२	२२२७५	२३८३५	१३९५०	१६६९५	७६७५५	
१३	सयपत्री प्रा .वि	३०	१७४६०	२७६९०	११५२०	१८३१५	७४९८५	
१४	चण्डीदेवी आ. वि	५९	३४३६५	४०७७०	१७९५५	२३१९०	११६२८०	
१५	मर्स्याङ्दी सामुदायिक आ वि	५६	४८९००	४८३७५	२०५०५	३०४६५	१४८२४५	
१६	चण्डेश्वरी आ.वि	४३	२७९९०	४०१५५	१८९१५	२९०१०	११६०७०	
१७	अकला आ वि	१२८	९५८३५	१०५७३५	५२५६०	५९३५५	३१३४८५	
१८	इन्द्रदेवी आ .वि	२०	८८६५	१५२१०	५७००	६१२०	३५८९५	
१९	चन्द्रोदय मा.वि	५३	४७६४०	५१३१५	२४६६०	३४४८५	१५८१००	
२०	छिम्केश्वरी मा. वि	१०९	६२०४०	१०२४३५	४३०९५	५४४०५	२६१९७५	
२१	लक्ष्मी मा. वि	५०	२९७९०	४२१३५	३५१४५	३१०९५	१३८१६५	
२२	कन्यादेवी मा. वि	५७	३८२२०	५२८६०	२७१५०	३४८३०	१५३०६०	
२३	मित्रता मा .वि	२३०	१९०५३०	२१०७२०	१०९७५५	१६४३५५	६७५३६०	
२४	रामशाह मा. वि	७३२	५९०६८५	६०८६२५	३०६२८५	४४५४१०	१९५१००५	
२५	अक्लाङ बाल विकास केन्द्र	१३	७९०५	१००९५	४८००	५१९०	२७९९०	
		२०११	१५१८३९०	१७४६९९०	८७२८६५	१२०२५६५	५३४०८१०	

दिवा खाजा कार्यक्रम सञ्चालन सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

४३.१ **कक्षा ६ को लागि दिवा खाजाको निकासाः** कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार संघीय सशर्त स्रोतबाट कक्षा ५ सम्मका विद्यार्थीको दिवा खाजाको लागि मात्र विद्यालयलाई निकासा दिनुपर्नेमा पालिकाका १० विद्यालयमा कक्षा ६ मा अध्ययनरत ३१६ जना विद्यार्थीको दिवा खाजाको लागि समेत पालिकाले संघीय सशर्त स्रोतबाट निकासा दिएको देखिएकोले यस वर्षको औसत निकासाको आधारमा कार्यक्रम कार्यान्वयन कार्यविधिको शर्त विपरीत कक्षा ६ को लागि दिवा खाजा बापत निकासा भएको तपशिल बमोजिमको रु.८३९२३२.०० स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

कक्षा ६ सम्मका विद्यार्थी संख्या	जम्मा वार्षिक निकासा	प्रति विद्यार्थी औसत निकासा	कक्षा ६ को विद्यार्थी संख्या	कक्षा ६ को लागि निकासा
२०११	५३४०८१०	२६५५.८	३१६	८३९२३२

प्रमाण पेश नगरेको	८,३९,२३२

४३.२ **बढी निकासाः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **११,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,८३०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **११,२०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५४,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **शिक्षा तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

क) शिक्षक विद्यार्थी अनुपातः पालिकामा जम्मा २४ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

विद्यालय संख्या	विद्यार्थी संख्या	प्रति विद्यालय औसत विद्यार्थी	शिक्षक दरबन्दी	शिक्षक पदपूर्ति	शिक्षक विद्यार्थी अनुपात
२४	३६२८	१५१.१७	१५७	१५७	(करिब) १:२३

ख) प्रति विद्यार्थी लागतः पालिकामा रहेका २४ विद्यालयमा पालिकाले यस वर्ष गरेको निकासाको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

विद्यार्थी संख्या	वार्षिक निकासा रकम रु.					प्रति विद्यार्थी औसत लागत
	शिक्षक तलब भत्ता	दिवा खाजा	पाठ्य पुस्तक	अन्य	जम्मा निकासा	
३६२८	९२२६८०००	४७६७५९०	२७८१३००	२७४९१०१०	१२७३०५९००	३५०८९.८३

भौगोलिक विकटता र बढ्दो बाह्य बसाईँसराइको कारण शिक्षक विद्यार्थी अनुपात अत्यन्तै न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने तर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

४५ **शिक्षक कर्मचारी तलब भत्ता बापतको निकासाः**

पालिकाले यस वर्ष पालिका अन्तर्गतका २४ विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको तलब भत्ता बापत संघीय स्रोतबाट रु. ९ करोड २२ लाख ६८ हजार निकासा गरेको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

४५.१ **शिर्षक फरक पारी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) अनुसार सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्नेमा पालिकाले यस वर्ष जेठ र असार महिनाको शिक्षक कर्मचारीहरुको तलब भत्ता बापत भौचर नं. ३१४ – ०८२।०३।०८ बाट रु. १७८१०६३८.०० खर्च निकासा गरेकोमा तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई अनुदान शिर्षकबाट रु. ३८००५३.६० र विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शिर्षकबाट रु.

१२०७६६०.०० समेत जम्मा रु. १५८७७१३.६० फरक शिर्षकबाट शिक्षक कर्मचारीको तलब भत्ता बापत निकासा गरी खर्च लेखेकोले नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१५,८७,७१३.६

४५.२ **फरक स्रोतबाट खर्च निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ। शिक्षक कर्मचरीको तलब भत्ता खर्च निकासा गर्दा संघीय स्रोत र आन्तरिक स्रोतबाट तोकिए बमोजिम निकासा हुनुपर्नेमा पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट निकासा हुनुपर्ने तपशिल बमोजिमको रु. ४३१००९९.०० संघीय सशर्त स्रोतबाट निकासा गरी खर्च लेखेको देखिएकोले स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

शिक्षक कर्मचारीको तलब भत्ता बापत विद्यालयलाई संघीय सशर्त स्रोतबाट निकासा				
क.सं.	गोश्वारा भौचर नं.	जम्मा निकासा	आन्तरिक स्रोत बापतको निकासा	कैफियत
१	१९४ - ०८२।०१।११ [चैत्र र पोषाक]	११०७०३२५	११९७८६६	आन्तरिक स्रोतबाट हुनुपर्ने निकासा समेत संघीय सशर्त स्रोतबाट भएको।
२	२५४ - ०८२।०२।१८ [बैशाख]	८९४३८८१	१०२९९६६	
३	३१४ - ०८२।०३।०८ [जेठ र असार]	१७८१०६३८	२०८२२६७	
	जम्मा	३७८२४८४४	४३१००९९	

[द्रष्टव्यः आन्तरिक स्रोत बापतको निकासा भन्नाले प्रारम्भिक बाल विकास सहजकर्ता र सहायक कर्मचारीहरुको तलब भत्ता बापत स्थानीय तहले व्यहोर्नुपर्ने दायित्वको रकम र स्थानीय तहले आन्तरिक स्रोतबाट तलब भत्ता भुक्तानी गर्ने गरी नियुक्त गरेको स्वयंसेवक शिक्षकहरुको तलब भत्ता बापतको रकमलाई जनाउँछ।]

प्रमाण पेश नगरेको	४३,१०,०९९

४६ **विद्यालयको कोष सञ्चालनः**

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश गरिएको विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका निम्नलिखित ४ वटा विद्यालयले रु. ८ लाख ३२ हजार स्थानीय सहकारीमा जम्मा गरेको, ३ वटा विद्यालयले रु. २ लाख १९ हजार नगद मौज्दात राखेको र १ वटा विद्यालयले रु. १५ लाख व्याजमा लगानी गरेको रु. ४० हजार पेश्की दिएको पाइयो।

क्र.सं.	विद्यालयको नाम	०८०।८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार			
		सहकारीमा मौज्दात	नगद मौज्दात	लगानी	पेश्की दिएको
१	सूर्योदय आ.वि.	६६७५६५		-	-
२	अन्नपूर्ण प्रा.वि.	१०७६८६	३९२१	-	-
३	मर्स्याङ्दी सामुदायिक आ.वि.	२११५		-	-
४	छिम्केश्वरी मा.वि.	५५०००	१३०३८१	-	-
५	मित्रता मा.वि.	-	-	१५०००००	४०१२१
६	रामशाह मा.वि.	-	८५१०९	-	-
७	जम्मा	८३२३६६	२१९४११	१५०००००	४०१२१

विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा नियम विपरित जोखिमयुक्त सहकारीमा जम्मा गरेको, नगद मौज्दातको रुपमा राखेको, व्याजमा लगानी गरेको र पेश्की दिएको समेत देखिएकोले नियमानुसार बैंकबाट विद्यालयको कोषको

सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले सबैस्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्दछ। कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा वृक्षारोपण कार्यक्रम, सिँढी बाटो निर्माण, मोटरमार्ग स्तरोन्नति, नाला सरसफाइ र गोरेटो बाटो निर्माण लगायतका १६ वटा आयोजना सञ्चालन भएको पाइयो। सूचीकृत बेरोजगार ५८७ जना रहेकोमा रोजगारीका लागि छनोट भएका २४० जना मध्ये २३९ जनाले यस वर्ष पालिकामा सञ्चालित आयोजनाबाट सरदर औसत २९ दिनका दरले जम्मा ६९०२ दिन रोजगारी प्राप्त गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा विनियोजित बजेट रु. ७८ लाख ७८ हजार मध्ये श्रमिकको ज्याला बापत कुल रु. ४६ लाख ९६ हजार भुक्तानी भएकोमा प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ७७ लाख ४० हजार खर्च भएको छ। कार्यक्रम अन्तर्गत भएको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि दीर्घकालीन रोजगारी सिर्जना र स्थानीय विकास निर्माणका कामको दीगोपना अभिवृद्धिमा प्रभावकारी योगदान पुगेको देखिँदैन। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

४७.१ **खर्च नभई बाँकी रकमः** संघीय सशर्त तर्फको बजेट तोकिएको कार्यमा मात्र खर्च लख्नुपर्दछ भने खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक, रोजगार सहायक र प्राविधक सहायकको तलबका लागि प्राप्त बजेटबाट खर्च भई बाँकी रहेको तपशिल बमोजिमको रकम रु. ३७७२९८.०० पालिकाको आन्तरिक स्रोत तर्फका कर्मचारीको जेठ र असार महिनाको तलब भत्ता भुक्तानीमा खर्च गरेको देखिँदा स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक,रोजगार सहायक र प्राविधक सहायकको तलबका लागि प्राप्त बजेट फरक शिर्षकमा खर्च गरेको सम्बन्धी विवरण					
क्र.सं.	विवरण	वास्तविक भुक्तानी रु.	लेखिएको खर्च रु.	बढी खर्च रु.	कैफियत
१	रोजगार संयोजकको तलब [अधिकृत - राधिका देवकोटा]	५६७९५७	५५८१९७	[९७६०]	रोजगार सहायक र प्राविधिक सहायक पूरै वर्ष काम नगरेकोले कम भुक्तानी भएको र बढी खर्च लेखिएको रकम भौचर नं. २९४ र ३६८ बाट पालिकाको आन्तरिक स्रोत तर्फका कर्मचारीको जेठ र असार महिनाको तलब भत्ता भुक्तानीमा खर्च लेखिएकोले संघीय सञ्चित कोष फिर्ता हुनुपर्ने।
२	रोजगार सहायकको तलब [प्रिया थापा]	२५२३७४	४९२६५६	२४०२८२	
३	प्राविधिक सहायकको तलब [प्रवेग थापा]	३४७३००	४९४०७६	१४६७७६	
	जम्मा रु.	११६७६३१	१५४४९२९	३७७२९८	

प्रमाण पेश नगरेको	३,७७,२९८

४७.२ **न्यूनतम रोजगारः** रोजगारीको हक सम्बन्धी ऐन - २०७५ को दफा ८(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगार प्रादान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष रोजगारीका लागि छनोट भएका लाभग्राहीलाई सरदर औसत २९ दिन मात्रै रोजगार प्रदान गरेको देखिँदा सम्बन्धित लाभग्राहीहरु न्यूनतम रोजगारीको हकबाट वञ्चित हुन गएको पाइयो। ऐनको व्यवस्था अनुसार न्यूनतम रोजगार सुनिश्चित हुनेगरी रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४७.३ **श्रमिकको ज्याला भुक्तानीः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा २७(२) अनुसार लाभग्राहीलाई ज्यालाको भुक्तानी मासिक रुपमा गर्नुपर्नेमा पालिकाले यस वर्ष सञ्चालित आयोजनामा खटिएका श्रमिकहरुलाई मासिक रुपमा ज्याला बापतको भुक्तानी नगरी आर्थिक वर्षको अन्त्यमा एकमुष्ट भुक्तानी गरेको पाइयो। निर्देशिकाको व्यवस्था अनुसार मासिक रुपमा ज्याला

भुक्तानी नहुँदा काममा खटिएका लाभग्राहीको दैनिक जीवनयापन आर्थिक रुपले कठिन हुन जाने हुँदा मासिक रुपमा नियमित ज्याला भुक्तानीको व्यवस्था मिलाउनुपर्दछ।

४७.४ **प्रगति समीक्षा र प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा ७३(४) मा सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा आवधिक समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गरी कार्यक्रमको प्रभावकारिता प्रवर्द्धन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४७.५ **कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिमः** युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि - २०७९ को दफा ३२(१) मा छनौट भएका लाभग्राहीको रोजगार योग्य क्षमता अभिवृद्धि गर्न चालीस दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास र दश दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल पचास दिनसम्मको सीप विकास तालिम सञ्चालन गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिम अन्तर्गत हाउस वायरिङ र इलेक्ट्रिकल वायरिङ सम्बन्धी सीप विकास तालिम सञ्चालनको लागि मिति २०८२।१०।२५ मा United Technical Training Educational Pvt. Ltd. सँग मूल्य अभिवृद्धि कर सहित रु. ५,०३,५२८.०० मा सम्झौता भएको पाइयो। तालिम प्रदायक संस्थाले छनोट भएका ३० जना लाभग्राहीलाई सम्झौता अवधि भित्रै तालिम प्रदान गरेको छ। सोधभर्ना योग्य खर्चको भुक्तानीः खरिद सम्झौताका शर्तहरुको अधिनमा रही खरिद कार्यको भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौताको लागि तालिम प्रदायक संस्थाले पेश गरेको आर्थिक प्रस्तावमा सोधभर्ना योग्य खर्च रु. ३,१३,५७५.०० उल्लेख भएकोमा अन्तिम भुक्तानी दिँदा सोधभर्ना योग्य खर्चको बिल भर्पाई पेश नगरी एकमुष्ट बिल पेश गरेको आधारमा भौचर नं. २७२ - २०८२।०२।२८ बाट सम्झौता मूल्य बारबार नै रु. ५,०३,०००.०० भुक्तानी भएको देखिएकोले कुल भुक्तानी मध्ये बिल भरपाई बेगर सोधभर्ना योग्य खर्च बापत भएको भुक्तानी रु. ३,१३,५७५.०० को सम्बन्धमा खर्च प्रमाणित हुने बिल भरपाई पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,१३,५७५

४८ **पेश्की फर्स्यौट नगरी बिलबाट मात्र घटाईकोः**

पालिकाले चक्रपथ निर्माण कार्यको रनिङ्ग बिलको भुक्तानी गर्दा पेश्की वापतको रकम सम्बन्धित बिल रकमबाट घटाई निर्माण व्यवसायी ऋषिङ्ग बिल्डर्स एण्ड ईन्जिनियरिङ्गले पेश गरेको कर बिजक भन्दा घटी हुने गरी बजेट खर्च लेखी भुक्तानी दिने गरेको पाईयो । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा चौथो रनिङ्ग बिलबाट रु ७,१८,७७७.०० र आर्थिक वर्ष २०८१।८२ मा पाँचौ रनिङ्ग बिलबाट रु १८,००,०००.०० तथा छैटौँ रनिङ्ग बिलबाट रु. १९२१२२३.०० घटाई सो विलहरुको बाँकी रकम मात्र भुक्तानी गरेकोमा पेश्की रकम सुत्र प्रणालीबाट फर्स्यौट भएको देखिएन । पेश्की रकम सुत्र प्रणालीमा अभिलेख राखी सम्झौता अनुसार बिलबाट फर्योट गर्दै जानु पर्नेमा यसरी बिलबाट रकम घटाएर भुक्तानी गर्नु वास्तवमै पेश्की फर्स्यौट भएको मान्न सकिने आधार देखिएन। रनिङ्ग बिलबाट घटाईएको रकमको पश्की फर्योट गरेको आधिकारिक प्रमाण नहुने र निर्माण व्यवसायीले पेश गरेको रनिङ्ग बिल अनुसारको रकम बजेट खर्च नलेख्दा बिलबाट पेश्की वापत घटाईएको रकम निर्माण व्यवसायीले भुक्तानी बाँकी भनी माग गर्ने अवस्था समेत रहने देखिन्छ। कार्यालयबाट यसरी भुक्तानी भएको पेश्की यकिन गर्नुका साथै सो बिलबाट कट्टि गरिएको देहाय अनुसारको रकमलाई दोहोरो भुक्तानी नहुने तथा निर्माण व्यवसायिले भुक्तानी बाँकी भनी माग गर्न नसक्ने सुचिश्चितता हुनु पर्दछ।

क्र.सं.	निर्माण व्यवसायी	पेश्की घटाईएको बिल नं	पेश्की घटाईएको रकम
१	ऋषिङ्ग बिल्डर्स एण्ड ईन्जिनियर्स	४	७१८७७७
२		५	१८००००
३		६	१९८१२२३
जम्मा			४५०००००

४९ **पेश्की जमानतको म्याद समाप्त भएको अवधिको ब्याजः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ र खरिद सम्झौताबमोजिम पेश्की रकम खाम्ने गरी बैंक जमानत लिई पेश्की दिदा पेश्की जनाई बजेट खर्च लेख्नुपर्दछ । कार्यालयले समस्तिपुर सडक निर्माण र हिले खर्क सडक स्तरोन्नती कार्यको लागी निर्माण व्यवसायी न्यौपाने कन्सट्रक्सनलाई भुक्तानी गरेको पेश्की रु. ४४०००००.०० वापत राखिएको पेश्की जमानतको अवधी समाप्त हुनु अगावै फस्योँट गरि सक्नु पर्नेमा सो नगरी म्याद समाप्त भएको अवस्थामा समेत फस्योँट नगरी राखेको पाईयो । निर्माण व्यवसायीले पेश गरेको पेश्की जमात मिति २०८२।०३।३१ मा समाप्त भएकोमा मिति २०८२।०९।१७ (ई.सं. २०२६ जनवरी १) मा मात्र ई.सं. २०२६ अप्रिल १५ सम्मको लागी थप गरेको पाईयो । निर्माण व्यवसायीले पेश गरेको जमानतको म्याद समाप्त भएको मिति २०८२।०४।०१ देखी पेश्की जमानतको म्याद थप गरेको अवधी (मिति २०८२।०९।१७) सम्म भुक्तानी भएको पेश्की जोखिममा रहेको देखियो । कार्यालयले निर्माण व्यवसायीलाई भुक्तानी गरेको पेश्की जोखिममा रहेको देखिदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार सयकडा १० प्रतिशतका दरले सो पेश्की रु. ४४०००००.०० को ५.५ महिनाको देहाय अनुसार हुने व्याज रु. २०१६६७.०० सम्बन्धित निर्माण व्यवसायी श्री न्यौपाने कन्सट्रक्सनबाट असुल गर्नु पर्ने रु.

क्र.सं.	योजनाको नाम	पेश्की रकम	अवधी (महिना)	व्याज १० प्रतिशतका दरले	जमानतको कायम म्याद
१	समस्तिपुर सडक स्तरोन्ती	२२०००००	५.५	१००८३३	२०८२।०४।०१ देखी २०८२।०९।१७ सम्म
२	हिले खर्क सडक स्तरोन्नती	२२०००००	५.५	१००८३३	
जम्मा		४४०००००		२०१६६७	

असुल गर्नुपर्ने	२,०१,६६६

५० **भुक्तानी बाँकीको अवस्थाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा गत वर्षको भुक्तानी दिन बाँकी रकम समेत समावेश गरी आगामी आर्थिक वर्षको लागी बजेट बनाउनु पर्ने उल्लेख छ । यस कार्यालयले भुक्तानी दिन बाकीको विवरण (म.ले.प. फाराम नं २२१) मा भुक्तानी दिन बाँकीको रहेका रकम प्रमाणित गराएर राखे पनि सो अनुसारको भुक्तानी दिनको लागी स्थानीय संचितकोषमा मौज्दात रकमको कमी रहेको देखियो । पालिकाले राजश्वको स्रोत भन्दा खर्च बढीहुने गरी योजना छनौट गर्ने र सोको भुक्तानी दिन नसक्ने अवस्था आई अर्को वर्षमा दायित्व सार्ने गरेकोले संचितकोषको मौज्दात प्रत्येक वर्ष घट्दै गएको देखिन्छ । यस आर्थिक वर्षमा भुक्तानी दिन बाँकी रहेको रकम आर्थिक वर्ष २०८२।८३ मा भुक्तानी दिने गरी क्रमागत योजना भनी आर्थिक वर्ष २०८२।८३ को बजेटमा समावेश गरी सुत्र प्रणालीमा प्रविष्टि गरे अनुसार रु. १६०२५६०३०.०४ क्रमागत योजनाको भुक्तानी दिन बाँकी भनी सुत्र प्रणालीमा दायित्व सारेको छ भने यस वर्ष संचितकोषको मौज्दात रु. २८९३२१६.३१ मात्र रहेको छ । पालिकाले आम्दानी बढाउन तर्फ ध्यान नदिई खर्च गर्न तर्फ मात्र ध्यान दिएको कारण प्रत्येक वर्षको भुक्तानी दिन बाँकी दायित्व अर्को वर्षमा बढ्दै गएको देखिदा पालिकाले आफ्नो आम्दानी गर्न सक्ने क्षमता, प्राप्त हुने अनुदान र संचितकोषको मौज्दातका आधारमा खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ । पालिकाको सुत्र प्रणालिमा प्रविष्टि गरेको विगत ४ वर्षको क्रमागत योजना तथा कार्यक्रमको भुक्तानी बाँकी र संचितकोषको अवस्था देहाय अनुसार रहेको छ ।

आर्थिक वर्ष	चालु		पुँजिगत		संचितकोषको मौज्दात
	विनियोजन	भुक्तानी	विनियोजन	भुक्तानी	
२०७९।८०	५०००००	४७०२०८	९४३२७०००	७१२०३११९.९३	६१६७९२५२.७
२०८०।८१	२०९५४४१	२०९५४४१	९९५९८२२	९९१८५०५	१६२४०१७१.५५
२०८१।८२	७७३३३५६.७२	भुक्तानीको चरणमा	१५२५२२६७३.३२	भुक्तानीको चरणमा	२८९३२१६.३१

५१ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ। पालिकाले आबुखैरेनी चक्रपथ निर्माण कार्यको निर्माण व्यवसायी ऋषिङ्ग बिल्डर्स एण्ड ईन्जिनिरिङ्गलाई पाँचौ बिल सम्म रु. ४,२२,०७,७६२.०४ भुक्तानी गरेको/भुक्तानी बाँकीमा प्रमाणित समेत गरेकोसकेको तर पाँचौ रनिङ्ग बिल सम्म नापी किताब अनुसार रु.४,२१,७५,०१२.९६ को मात्र कार्य भएको देखिदा वास्तविक नापी किताबमा चढेको भन्दा रु. ३२७२०.०० बढी भुक्तानी भएको देखिएकोले सो रकम सम्बन्धित बाट असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	३२,७२०

५२ **ढलानमा डण्डीको परिमाणः**

सडक विभागबाट जारी Rigid Pavement Design Guideline अनुसार ढलानमा डण्डी राख्दा सडक Axle Load, सडकको डिजाईन अवधी, सडकको लेन तथा सो सडकको ट्राफिकलाई आधार मानी ढलानको डिजाईन गर्नु पर्ने र सो अनुसारनै कति Space मा डण्डी राख्ने यकिन गर्नु पर्ने व्यवस्था छ। पालिकाले ढलान गरेको सडकमा कुनै पनि आधार नलिई डिजाईन बिना नै फरक फरक Spaceing मा डण्डी राखेको पाईयो। पालिकाले निर्माण गरेका धेरै जस्तो ढलान सडक भित्रि सडक र धेरै Traffic हुने सडक समेत नभएको तथा जमिनको भुबनोटमा समेत धेरै फरकपना नदेखिएको अवस्थामा कुनै सडकमा ०.१२५ मि. को Spacing मा डण्डी राखेको पाईयो भने कुनै सडकमा ०.३० मी. को Spacing मा राखेको पाईयो । सडकको Design र प्राविधिक पुष्ट्याई बिना नै डण्डी राख्दा योजनाहरुमा निम्नानुसार रु. १३१६८४९.०० थप व्ययभार परेको देखियो। कार्यालयले एकै प्रकृतिको क्षेत्रमा यसरी फरक फरक Spacing मा डण्डी राखी सडक निर्माण गर्नुको प्राविधिक पुष्ट्याई पेश गरी देहाय अनुसारको भुक्तानी नियमित हुनु पर्ने रु.

क्र.सं.	योजनाको नाम	डण्डीको Spacing	परिमाण KG	३०० MM अनुसारको परिमाण	बढी परिमाण	दर	रकम
१	भँगेनी सडक स्तरोन्नती	०.१५ मी.	१०८५८.६	५४२९.३	५४२९.३	१३५.२८	७३४४७५.७
२	सत्रसय साँझालाईन रातामाटे सडक	०.२० मी.	४२१६	२८१०.६७	१४०५.३	१३५.२८	१९०११३.०४
३	गिरानचौर हिलेखर्क सडक	०.३० मी.	५७८६.१७	५७८६.१७	०.	१३५.२८	०.
४	ढापटार सडक	०.१२५ मी.	६२१४.४५	३३१४.८३	२८९९.६	१३५.२८	३९२२६०.५९
जम्मा							१३१६८४९.३४

अनियमित भएको	१३,१६,८४९

५३ **डि.पि.आर. खर्चः**

पालिकाले संघीय सरकारको शसर्त अनुदानबाट ४ वटा झोलुङ्गे पुलको सम्भाव्यता अध्ययन गर्न दुईवटा परामर्शदाताबाट सम्भाव्यता अध्ययनको लागी सेवा लिएको पाईयो । परामर्शदाताले पेश गरेको सम्भाव्यता अध्ययन अनुसार ती चारवटा झोलुङ्गे पुलको निर्माण कार्य गर्न रु. ६६०९७३१४.२० (पुलको केवल बाहेक) खर्च लाग्ने गरी प्रतिवेदन पेश गरेको पाईयो। संघीय सशर्तबाट प्राप्त बजेटबाट रु. ९९५५३०.०० खर्च गरी सम्भाव्यता प्रतिवेदन तयार गरिए तापनि सो पुल निर्माणको लागी संघीय सरकार तथा प्रदेश सरकार र

स्थानीय तहमध्ये कुनैबाट पनि बजेट व्यवस्था गरी निर्माण कार्यको प्रकृया सुरु गरेको देखिएन । सम्भाव्यता अध्ययन गरेको लामो समयसम्म कार्य प्रारम्भ हुन नसकेमा भौगोलिक अवस्था अन्य प्राकृतिक परिवर्तको कारण पुन अध्ययन गर्नु पर्ने र सोही कार्यको लागी दोहोरो खर्च हुने अवस्था आउने हुदा परामर्शदताले तयार गरी पेश गरेको प्रतिवेदन अनुसार देहायका झोलुङ्गे पुल निर्माणको कार्य प्रारम्भ गर्न पालिकाले विशेष ध्यान दिनु पर्दछ ।

क्र.सं.	डी.पि.आर. गरेको योजना	परामर्शदाता	भुक्तानी रकम	डिपिआर अनुसारको ला.अ.	कैफियत
१	घुमाने घाट त्रिशुली नदी झो.पु.	आजाद कन्सल्टेन्ट	४९७२००	१७५६५०१०.७२	केवल बाहेकको लागत अनुमान
२	पञ्चकन्या मन्दीर त्रिशुली नदी झो.पु.			१२७८१९०८.११	
३	पूर्वेवेशी ईच्छाकामना झो.पु.	रिभररोड कन्सल्टेन्ट	४९८३३०	२२३४३९१६.४	
४	गल्छीडाडा खाल्टेपानी त्रिशुली झो.पु.			१३४०६४७८.९७	
		जम्मा	**९९५५३०**	**६६०९७३१४.२०**	

५४ **सत्रसय प्लटिङ्ग कालोपत्रे सडक (ठेक्का नं २०८१।८२-२)**

पालिकाको वडा नं १ मा पर्ने सत्रसय प्लटिङ्ग क्षेत्रमा जाने बाटो कालोपत्रे गर्ने कार्यको लागि रु ३५,१९,०५६.४५ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री आश्ना कन्सट्रक्सन प्रा.लि. सँग रु २४,१९,४३८.५० कवोल रकममा मिति २०८२।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८१/१०/१५ मा सम्झौता गरेको पाईयो । निर्माण कार्य बापत निर्माण व्यवसायीले मिति २०८२।०३।२३ मा अन्तिम बिलको माग गरेकोमा पालिकाले रु. ३ लाखको पेश्की फस्योंट बाहेक अन्य भुक्तानी गरेको पाईएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।

५४.१ **पेश्की जमानत बेगर पेश्की भुक्तानीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क. तथा सम्झौताको शर्तमा मा निर्माण व्यवसायी सँग अग्रमिम बैंक जमानत माग गरी पेश्की भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ । यस पालिकाले निर्माण व्यवसायी आश्ना कन्सट्रक्सन प्रा.लि. लाई निर्माण कार्य वापत पेश्की गो.भौ. नं २४८ मिति २०८१।११।११ बाट रु. ३,००,०००.०० पेश्की भुक्तानी गर्दा अग्रिम भुक्तानी जमानत नै नलिई भुक्तानी गरेको देखियो । सार्वजनिक स्रोतबाट कानुनमा व्यवस्था गरिएको व्यवस्था विपरित हुने गरी जमानत बिना पेश्की भुक्तानी गर्न सिफारिस गर्ने लाई जिम्मेवार बनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार सयकडा दश प्रतिशतका दरले पेश्की फर्योट भएको अवधी ५.४ महिनाको व्याज रु. १३५००.०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	१३,५००

५४.२ **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपुर्ती तिर्नु पर्ने व्यवस्था गरेको छ । साथै यस निर्माण कार्यको खरिद सम्झौताको SCC अन्तर्गत GCC ५५.१ मा समेत तोकिएको समयमा निर्माण सम्पन्न गर्न नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरिने व्यवस्था गरेको देखियो । यस पालिकाले मिति २०८२।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको यस सत्रसय प्लटिङ्ग कालोपत्रे कार्यको निर्माण कार्य तोकिएको समयावधी भित्र निर्माण सम्पन्न गरेको देखिएन । निर्माण व्यवसायी आश्ना कन्सट्रक्सन प्रा.लि. ले मिति २०८२।०३।२३ मा मात्र पालिकामा कार्य सम्पन्न गरेकोहुदा नापजाँच गरी भुक्तानी गरिदनुहुन भनी निवेदन पेश गरेको देखिदा सो निर्माण कार्य तोकिएको समय भन्दा २४ दिन ढिला हुने गरी सम्पन्न भएको देखिएको । निर्धारित समयमा निर्माण सम्पन्न भएको नदेखिएकोले सम्झौता रकम रु २०६१४४९.५६ (मु.अ.कर बाहेक) को दैनिकी ०.०५ प्रतिशतले २४ दिनको हुने रु. २४७३७.०० पुर्व निर्धारित क्षतिपुर्ति असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	२४,७३७

५४.३ **घटी मोटाईमा सववेस तथा बेस गरेकोः** सडकको स्पेसिफिकेशनबमोजिम सबबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ । निर्माणाधिन सडकको बनिशा क्षेत्र, चमया क्षेत्र, Part-3 देखी Part-5 सम्म २२७ मिटर लम्बाईमा स्पेसिफिकेशनबमोजिम र लागत अनुमान अनुसार समेत २० से.मी. मोटाईमा सववेस तथा १५ से.मी. मोटाईमा बेसको कार्य गर्नु पर्नेमा सो भन्दा घटी मोटाई हुने गरी सव वेस १५ से.मी. र बेस १३ से.मी. मा कार्य गराई भुक्तानी गरेको देखिन्छ । सो खण्डमा सव वेस तथा वेसको कार्य तोकिएको भन्दा घटी मोटाईमा गराई सो कार्यलाई स्वीकार गरी भुक्तानीका लागी सिफारिस गरेको हुँदा सडकको स्पेसिफिकेसनबमोजिम पेभमेण्टको कार्य समेत नहुँदा सोका कारण भार वहन क्षमता र सडकको दिगोपनामा असर पर्ने हुँदा प्राविधिक आधार बेगर घटी मोटाईमा कार्य गराएको मनासिब नदेखिएकोले देहाय अनुसारको निर्माण कार्य वापत भएको भुक्तानीको प्राविधिक पुष्ट्याई सहित नियमित हुनु पर्ने रु

क्र.सं.	कामको विवरण	Edtimate अनुसारको मोटाई	वास्तविक काम भएको मोटाई	परिमाण	दर	रकम
१	सववेस	०.२ मि.	०.१५ मी.	१६२.२८	१२००	१९४७३६
२	वेस	०.१५ मि.	०.१३ मी	१२२.८८	१८००	२२११८४
जम्मा						४१५९२०
मु.अ.कर						५४०७०
कुल जम्मा						४६९९९०

अनियमित भएको	४,६९,९९०

५४.४ **ट्याककोटको परिमाण बढी राखी लागत अनुमान बनाईएकोः** सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ । पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ अनुसार प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने अवस्थामा समेत सो भन्दा बढी हुने गरी परिमाण राखी लागत अनुमान गरी बि.ओ.क्यू. परिमाण राखिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन । पालिकाले ट्याककोटको लागत अनुमान गर्दा स्फेसिफिकेसनले तोकेको दर भन्दा बढी प्रति वर्ग मिटर १ लिटर हुने गरी प्रति लिटरको लागत दर रु. १९४.६४ हुने गरी लागत अनुमान गरेको पाईयो । पालिकाले भुक्तानी गर्दा प्राईमकोट गरेको गरेको क्षेत्रफल ८१०.३० व.मि. मा नै ट्याक कोट राखेको नापी गरेको र लागत अनुमानमा प्रति वर्गमिटर १ लिटर हुने गरी लागत अनुमान गरेको हुदा भुक्तानीमा समेत प्रति व.मी. १ लिटरको दरमा नै भुक्तानी भएको पाईयो । वास्तविक निर्माण कार्य गर्दा ८१०.३ व.मी. मा ०.६ लिटरका दरले हुने हुने परिमाण भन्दा बढी परिमाण ३२४.१२ लिटर को प्रति लिटर रु. १५०.०० ले हुने रु. ४८६१८.०० र सोको मुल्य अभिबृद्धि कर समेत हुने रु. ५४९३८.०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	५४,९३८

५४.५ **बेस कोर्ष गरी छाडेकोः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ। सडक विभागबाट जारी गरिएको Standard specification for Road and Bridge अनुसार बेस कोर्ष गरेको भागमा कालोपत्रे भए पछिमात्र भुक्तानी दिनु पर्ने तर बेस कोर्ष गरी छाडेको भागको भुक्तानी दिन योग्य नहुने उल्लेख छ । बेसकोर्ष गरेको निश्चित समयमा प्राईमकोट र ट्याककोट राखी कालोपत्रे नगरेमा सो बेसको गुणस्तर कमजोर हुने तथा कालोपत्रे गर्दा पुनः बेसकोर्ष राखेर गर्नु पर्ने हुदा यसरी बेसकोर्ष गरी छाडेको परिमाणको भुक्तानी दिन योग्य देखिदैन । पालिकाले बेस कोर्ष राखी लामो समय सम्म छाड्दा बिस्तारै बेस झर्दै जाने र उपयोग बिहिन हुने अवस्था हुन्छ । यसले कालोपत्रे गरेको भागमा समेत क्षति पुग्ने अवस्था सिर्जना हुन्छ । कालोपत्रे गरेर सो को बचावटको लागी दुवै तर्फ सबबेस राखेर सोल्जर बनाएर राख्दा कालोपत्रे गरेको भागको बचावट हुनुको साथै खर्चमा समेत कमी हुन्छ । पालिकाले यस निर्माण कार्यमा १२२.८८ घ.मी. ०.१३ मिटर मोटाईको दरमा बेस राख्दा कुल ९४५.२३ व.मी. मा बेस गरेको देखिएकोमा प्राईमकोट र कालोपत्रे जम्मा

८१०.३० व.मी. मा मात्र गरेको देखियो । पालिकाले १३५ व.मी. मा ०.१३ मिटर मोटाईले हुने १७.५५ घ.मी. बेसकोर्षको परिमाण उपयोग विहिन देखिएको हुदा सो परिमाणको बिओक्यूमा उल्लेखित प्रति घ.मी. रु१८००.०० का दरले हुने रु ३१५९०.०० र सोको मुल्य अभिवृद्धि कर समेत हुने रु ३५६९७.०० बेसकोर्षको भुक्तानी दिन नमिल्ने देखिदा सो रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	३५,६९७

५५ **ठेक्का नं २०८१/८२-३ (ढकालटार सडक कालोपत्रे कार्य) :**

पालिकाको वडा नं ३ मा पर्ने ढकालटार सडक कालोपत्रे गर्ने कार्यको लागि रु ४९,३५,२५५.२१ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री शुभशिल कन्सट्रक्सन प्रा.लि. सँग रु. ४७,३९,५१४.७३ कवोल रकममा मिति २०८२।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८१/११/११ मा सम्झौता गरेको पाईयो । निर्माण कार्य बापत निर्माण व्यवसायीले मिति २०८२।०६।२१ मा अन्तिम बिलको लागी निवेदन पेश गरेकोमा भुक्तानी भएको पाईएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।

५५.१ **बेस, प्राईमकोट र सिलकोटको बढी भुक्तानीः** सम्झौताबमोजिम सडकको स्पेसिफिकेशनबमोजिम सडकको सवबेस, बेस र कालोपत्रे गरिनुपर्दछ । सडक विभागबाट जारी गरिएको Standard specification for Road and Bridge अनुसार बेस कोर्ष गरेको भागमा कालोपत्रे भए पछिमात्र भुक्तानी दिनु पर्ने तर बेस कोर्ष गरी छाडेको भागको भुक्तानी दिन योग्य नहुने उल्लेख छ । बेसकोर्ष गरेको निश्चित समयमा प्राईमकोट र ट्याककोट राखी कालोपत्रे नगरेमा सो बेसको गुणस्तर कमजोर हुने तथा कालोपत्रे गर्दा पुनः बेसकोर्ष राखेर गर्नु पर्ने हुदा यसरी बेसकोर्ष गरी छाडेको परिमाणको भुक्तानी दिन योग्य देखिदैन । पालिकाले बेस कोर्ष राखी लामो समय सम्म छाड्दा बिस्तारै बेस झर्दै जाने र उपयोग बिहिन हुने अवस्था हुन्छ । पालिकाले बेसकोर्ष तथा प्राईमकोट गरिसके पश्चात सो क्षेत्रफल भन्दा घटी क्षेत्रफलमा कालोपत्रेको कार्य गरेको पाईयो । कालोपत्रे गरिएको क्षेत्रफलमा मात्र सिलकोट गरिनु पर्नेमा सो भन्दा बढी क्षेत्रफलमा प्राविधिक रुपमा समेत सिलकोट गर्न नसकिने अवस्थामा समेत कार्य भएको नापी गरी बढी भुक्तानी गरेको देखिदा देहाय अनुसारको बढी भुक्तानी रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

क्र.सं.	बेस र प्राईम क्षेत्रफल	ट्याक गरेको को क्षेत्र	बेस र प्राईम मात्र गरी छाडेको	बेस परिमाण @०.१३	प्राईम परिमाण	बेसको रकम	प्राईमको रकम
१	२२९०.२५	२११७.८५	७२.४	९.४१	७२.४	२५४६०.८३	१७३६४.४२
२	२२९०.२५ सिल कोट गरेको	२११७.८५ मा कालोपत्रे गरेको	७२.४० मा कालोपत्रे भन्दा बढीमा सिल कोट	प्रति वर्ग मिटर रु. ९३.४ का दरले हुने रकम बढी भुक्तानी भएको ।		-	६७६२.१६
जम्मा						२५४६०.८३	२४१२६.५८
मुल्य अभिबृद्धि कर						३३०९.९१	३१३६.४६
कुल जम्मा						२८७७०.७४	३०८३८.७४
बेस र प्राईमकोट र सिलकोटको कुल रकम						**५९६०९.४८**	

असुल गर्नुपर्ने	५९,६०९

५५.२ **घटी मोटाईमा सववेस तथा बेस गरेकोः** सडकको स्पेसिफिकेशनबमोजिम सबबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ । निर्माणाधिन सडकको Lower Section Primix र Upper Section Primix मा ४८७.५० मिटर लम्बाईमा स्पेसिफिकेशनबमोजिम र लागत अनुमान अनुसार समेत २० से.मी. मोटाईमा सववेस तथा १५ स.मी. मोटाईमा बेसको कार्य गर्नु पर्नेमासो भन्दा घटी मोटाई हुने गरी सव वेस १५ से.मी. र बेस १३ से.मी. मा कार्य गराई भुक्तानी गरेको देखिन्छ । सो खण्डमा सव वेस तथा वेसको कार्य तोकिएको भन्दा घटी मोटाईमा गराई सो कार्यलाई स्वीकार गरी भुक्तानीका लागी सिफारिस गरेको हुँदा सडकको स्पेसिफिकेसन बमोजिम पेभमेण्टको कार्य समेत नहुँदा सोका कारण भार वहन क्षमता र सोको दिगोपनामा असर पर्ने हुँदा प्राविधिक आधार बेगर घटी मोटाईमा कार्य गराएको मनासिब नदेखिएकोले देहाय अनुसारको निर्माण कार्य वापत भएको भुक्तानीको प्राविधिक पुष्ट्याई सहित नियमित हुनु पर्ने रु.

क्र.सं.	कामको विवरण	Edtimate अनुसारको मोटाई	वास्तविक काम भएको मोटाई	परिमाण	दर	रकम
१	सववेस	०.२ मि.	०.१५ मी.	३४३.५४	२६७२.२३	९१८०११.२१
२	वेस	०.१५ मि.	०.१३ मी	२९७.७३	२७०५.७२	८०५५८०.८
जम्मा						१७२३५९२.०१
मु.अ.कर						२२४०६६.९६
कुल जम्मा						१९४७६५८.९७

अनियमित भएको	१९,४७,६५९

५६ **उपभोक्ता समितिबाट कार्य गराउने प्रयोजनले एउटै कार्य टुक्रा गरी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३क (१) बमोजिम सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ्ग गर्दा नियम ७ को उपनियम (२) को खण्ड (ग) बमोजिम खरिद गुरूयोजनामा उल्लिखित प्याकेज संख्याको प्रतिकूल नहुने गरी गर्नुपर्ने व्यवस्था छ । साथै, नियम ३क(२) बमोजिम खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयारी गर्दा अलग अलग रूपमा सम्पन्न गर्न सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिष्पर्धा हुने हदसम्म छुट्टाछुट्टै रूपमा बोलपत्र अव्हान गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारको विषेश अनुदानमा संचालित एक स्थानीयतह एक औद्योगिक क्षेत्र निर्माण कार्यको लागी प्राप्त रु. ९२,००,०००.०० बाट आवश्यक संरचना निर्माण गर्न रु. ५७,९४,१२०.०० को लागत अनुमान बनाई बोलपत्र आह्वान गरेकोमा निर्माण व्यवसायी छिम्केश्वरी निर्माण सेवाले रु. ५७,६७,१६९.५० मा निर्माण गर्ने गरी कवोल गरेको रकममा सो बोलपत्र स्वीकृत भएको पाईयो । औद्योगिकग्राम जाने पहुँच मार्ग निर्माणको लागी बोलपत्र आह्वान गरिएकोमा सोही अवधीमा थप पहुँच मार्ग निर्माण गर्न रोधीखोला औद्योगिक ग्राम संरक्षण समितिसँग समेत सम्झौता गरी मिति २०८२।०१।१५ मा गो.भौ. नं ६ बाट रु. १० लाख पेश्की भुक्तानी गरेको पाईयो । एसटै कार्य गर्न बोलपत्र आह्वान गरे पश्चात पुनः सोहो कार्य गराउन उपभोक्ता समितिसँग सम्झौता गरी पेश्की सहित रु. २८,२५,०००.०० भुक्तानी गरेको पाईयो । विषेश अनुदान कार्यविधि, २०८१ अनुसार विषेश अनुदानबाट प्राप्त रकमबाट संचालित आयोजना उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था गरेको अवस्थामा समेत उपभोक्ता समितिबाटै कार्य गराउन एउटै कार्य टुक्र्याई दुई खण्ड बनाउनु नियम सम्मत नदेखिँदा नियमित हुनु पर्ने रु.

अनियमित भएको	२८,२५,०००

५७ **औद्योगिक ग्राम निर्माण वापतको बाँकी रकमः**

विषेश अनुदान वापत प्राप्त अनुदान रकम बाट संचालित आयोजना तोकिएको समयमा निर्माण गर्न नसकिएमा सो आयोजना पालिकाले आफ्नै आन्तरिक स्रोतबाट संचालन गरी निर्माण गर्नु पर्ने गरी विषेश अनुदान कार्यविधि, २०८१ मा व्यवस्था गरिएको छ। पालिकाले औद्योगिक ग्राम निर्माण गर्न प्राप्त रु. ९२ लाख रकम मध्ये निर्माण व्यवसायीलाई निर्माण कार्य वापत भुक्तानी गरिएको रु. ५७६६०००.०० र रोधीखोला औद्योगिक ग्राम संरक्षण समितिसँग सम्झौता गरी पेश्की सहित भुक्तानी भएको रु. २८२५०००.०० समेत रु. ८५९१०००.०० खर्च भई रु. ६०९०००.०० बाँकी रहेको देखिँदा अनुदानबाट प्राप्त मध्ये खर्च हुन बाँकी रहेको रकम संघीय संचितकोष दाखिला हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	६,०९,०००

५८ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ। पालिकाले प्रदेश विषेश अनुदान अन्तर्गत संचालित आँधीमुल पर्यटन पूर्वाधार योजनाको निर्माण कार्य वापत निर्माण व्यवसायी शिखर कटेरी कन्सट्रक्सनलाई अन्तिम बिलसम्मको रकम भुक्तानी गर्दा निर्माण व्यवासयीले रु. २४,६८,११९.४९ को बिल पेश गरेकोमा पालिकाले गो.भौ.नं. ९ मिति २०८१।०३।२२ बाट रु. २०,००,०००.०० र

गो.भौ.नं. १५ मिति २०८१।०३।२४ बाट ११,६९,७०० गरी कुल रु ३१,६०,७००.०० भुक्तानी गरेको देखियो । निर्माण व्यवसायीले पेश गरेको बिल भन्दा रु. ७,०१,५८०.५१ बढी हुने गरी भुक्तानी गरेकोमा गा.पा.को आन्तरिक राजश्व रसिद नं १५३६ बाट रु. ५,१२,३७५.०० सम्बन्धित निर्माण व्यवसायीले दाखिला भएको पाईयो। बढी भुक्तानी भएको रकम मध्ये रु. १८९२०५.५१ अझै असुल हुन बाँकी रहेको हुदा सो रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुका साथै निर्माण व्यवासयीले गा.पा.को खातामा जम्मा गरेको रकम समेत गरी रु. ७,०१,५८०.५१ प्रदेश संचित कोष दाखिला हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	७,०१,५८१

५९ **औद्योगिक ग्राम संचालन पेश्कीः**

कार्यालयले संचालनमा रहेको औद्योगिक ग्राम संचालन गर्न कच्चा पदार्थ खरिद गर्न विमल बाबु रानालाई रु. ६,००,०००.०० तथा बाँस जन्य सामाग्रीको उत्पादन गर्न आवश्यक पर्ने सामाग्री खरिद गर्न डिल बहादुर गुरुङ्गलाई रु. १,००,०००.०० गरी कुल ७,००,०००.०० पेश्की भुक्तानी गरेको पाईयो । औद्योगिक ग्राम संचालन स्पष्ट कार्यविधि बनाई संचालन लागत र प्राप्त प्रतिफलको बाँडफाँड सम्बन्धी स्पष्ट व्यवस्था बीना पेश्की दिई खर्च गरेको पाईयो । पालिकाले सो पेश्की रकमबाट उपलब्ध गराएको कच्चा पदार्थको प्रयोगगरी के कति उत्पादन भयो र के कति आम्दानी गरेको छ भन्ने स्पष्ट अभिलेख समेत राखेको देखिएन । पालिकाले औद्योगिक ग्राम संचालनमा लागत र लाभको हिस्सा क कस्को रहने स्पष्ट व्यवस्था गरी भुक्तानी भएको पेश्की रु. ७ लाख बाट के कती आम्दानी भएको थियो सोको स्पष्ट अभिलेख राखी पालिकाले लगाएको लगानी सुनिश्चित हुने कानुनी व्यवस्था गरेको प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	७,००,०००

६० **पशुजन्य औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली - २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारीको क्रममा आवश्यकताको पहिचान, खरिद योजना तथा लागत अनुमान तयारी गर्नुपर्ने साथै नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी गराई स्वीकृत वा अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदनलाई खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष बीजी भेटेरीनरी सप्लायर्सबाट ३४ आइटम पशुजन्य औषधी खरिद गरी भौचर नं. ३४ - ०८२।०२।११ बाट रु. ९९००००.०० भुक्तानी गरेकोमा खरिद गर्नुअघि आवश्यकताको पहिचान र लागत अनुमान तयार गरेको पाइएन भने आपूर्ति भएको औषधीको प्राविधिक निरीक्षण वा परीक्षण गरी गराई निरीक्षण प्रतिवेदन तयारी र खरिद कारबाहीको अभिलेखको रुपमा राख्ने कार्य समेत गरेको छैन। आवश्यकताको पहिचान र लागत अनुमान तयारी बेगर खरिद गरी आपूर्ति भएको औषधीको गुणस्तर सम्बन्धमा सुनिश्चित हुन नियमावलीको व्यवस्था बमोजिम प्राविधिक निरीक्षण वा परीक्षण गराई प्रतिवेदन तयारी नगरी भुक्तानी गरेको रु. ९९००००.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्दछ।

अनियमित भएको	९,९०,०००

६१ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली - २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारीको क्रममा आवश्यकताको पहिचान, खरिद योजना तथा लागत अनुमान तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पालिकामा रहेका स्वास्थ्य संस्था मार्फत निशुल्क वितरणको लागि आवश्यक औषधी खरिदको लागि विभिन्न आपूर्तिकर्ताबाट लागत अनुमान तयारी गर्ने प्रयोजनको लागि दररेट माग गरी प्राप्त दररेट मध्ये न्यूनतम दररेटमा १५ प्रतिशत घटाएर लागत अनुमान तयारी गरेकोमा खरिद गर्नुअघि प्रतिस्पर्धात्मक रुपमा दररेट माग नगरी यस अधि लागत अनुमान तयार गर्ने प्रयोजनमा माग गरिएको दररेटकै आधारमा औषधी खरिद गरी तपशिल बमोजिम रु. १५६५५२९.०० भुक्तानी गरेको छ। लागत अनुमान तयारी पश्चात् प्रतिस्पर्धात्मक विधि प्रयोग गरी औषधी खरिद हुनुपर्दछ।

भौचर नं.	भुक्तानी रु.	कैफियत
१८४ - ०८२।०१।०९	११२७०२९	संघीय सशर्त
५८ - ०८२।०१।०९	४३८५००	गाउँपालिका स्वास्थ्य
जम्मा रु.	१५६५५२९	

६२ **विद्युत जरिवाना भुक्तानीः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले विद्युत प्राधिकरणबाट प्राप्त भएका बिलहरूको समयमा नै भुक्तानी गरी छुट प्राप्त गर्नुपर्नेमा पालिका तथा वडाकार्यालयको विद्युत महशुल भुक्तानी गर्दा म्याद समाप्त भएपछी ५%,१०% र २५% सम्म जरिवाना समेत भुक्तानी गरेको रू. ३४,२८४.५ नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. /मिति	वास्तविक विल	जरिवाना
[३२७ - ०८१।०८।१२]	५५००२.९३	१००६०.९३
[३४८ - ०८१।०८।२३]	९६८९४.२४	२४२२३.५६
जम्मा		३४२८४.५

अनियमित भएको	३४,२८५

६३ **सवारी भाडाः**

गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(१०) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानीनोक्सानी वा लापरवाह हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध मिलाउनुपर्ने उल्लेख छ। यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को जिन्सी अभिलेख अनुसार जिप - १ र पिकअप भ्यान - १ चालु अवस्थामा रहेको भए तापनि पालिकाका जनप्रतिनिधि, कर्मचारी तथा पाहुनाहरुको लागि कार्यालयको काममा प्रयोग भएको उल्लेख गरी यो बर्ष 2 सवारी साधन भाडामा लिए बापत रु.२१५८०००.०० भुक्तानी भएको पाइयो। पालिकाले उपलब्ध गराएको विवरण अनुसार सो गाडीमा इन्धन बापत रु. ४६२८३३.२१ खर्च भएको देखिन्छ। पालिकामा रहेका सवारी साधन एकैपटक बिग्रेकाले अत्यावश्यक भई सवारी भाडामा लिएको मौखिक जानकारी छलफलको क्रममा तथा प्रतिक्रिया प्राप्त भए तापनि सोको पुष्ट्याईँ हुने अद्यावधिक अभिलेख पालिकासँग रहेको पाइएन। नियमानुसार सरकारी सम्पत्तिको उचित प्रबन्ध गरेको नदेखिएकोले सवारी भाडामा लिएर भुक्तानी गरेको भाडा तथा इन्धन बापतको खर्च रु. २६२०८३३.२१ नियम सम्मत नदेखिँदा आगामी दिनमा यस्तो खर्चमा नियन्त्रण गर्ने प्रतिवद्धता सहित नियमित हुनुपर्ने रु.

अनियमित भएको	२६,२०,८३३

६४ **नापी बेगरको भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बिजको भुक्तानी दिदा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख गरिएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले पालिकाको वडा नं. २ को विभिन्न स्थानमा असार र साउनमा वर्षाको कारण पहिरो गएको ठाउको मर्मत गरेको व्यहोरा उल्लेख गरी कार्यादेश जारी नगरी, प्राविधिक मुल्यांकन,नापजाचँ,कार्यसम्पन्न प्रतिवेदन तथा खर्च प्रमाणित गर्ने अन्य कागजात तयार नगरी बगाँले ब्रदर्श मल्टिपर्पोज कम्पनी प्रा.ली.लाई भौचर नं. ७३८ - ०८१।१२।२७ बाट भुक्तानी भएको रू. ९१४१८ को प्राविधिक पुष्ट्याई समेतको प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	९१,४१८

६५ **पेश्की बाँकीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। कार्यालयले देहायका निर्माण व्यवसायी, उपभोक्ता समिति तथा व्यक्तिलाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसार फस्र्यौट हुन बाँकी देखिएको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार पेश्की फस्र्यौट हुनुपर्ने रु.

पेश्कीको विवरण	पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम	म्याद नाघेको पेश्की	म्याद ननाघेको पेश्की
१) निर्माण व्यवसायीको पेश्की			
समस्तिपुर गिरुनचौर सडक स्तरोन्नती आयोजना	न्यौपाने कन्स्ट्रक्सन		११०००००
हिलखर्क सडक स्तरोन्नती आयोजना			११०००००
समस्तिपुर गिरुनचौर सडक स्तरोन्नती आयोजना			११०००००
हिलखर्क सडक स्तरोन्नती आयोजना			११०००००
जम्मा		**०**	**४४०००००**
२) कर्मचारी पेश्की			
गत विगत आ.व.को पेश्की	ज्ञानेन्द्र श्रेष्ठ	२२००००	
परिवार नियोजन किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम	अगमराज उपाध्याय	१०००००	
विश्व क्षयरोग सम्बन्धि कार्यक्रम		३५०००	
कार्यक्रम खर्च	विमल बाबु राना	६०००००	
जम्मा		**९५५०००**	**०**
२) व्यक्तिगत पेश्की			
सिपमुलक तथा उद्यम विकास कार्यक्रम	निर्मल रामदाम वि.क.	१७५०००	
गत विगत आ.व.को पेश्की	श्री दिप कैनी	१५००००	
मे उद्यमशिलता विकास कार्यक्रम	गिता राना	६६२००	
जम्मा		**३९१२००**	**०**
जम्मा पेश्की		**१३४६२००**	४४०००००

[द्रष्टव्यः ऋषिशक्ति बिल्डर्स एण्ड ईन्जिनियरिङ प्रा.लि.को गत विगतको पेश्की जम्मा रु. ५०,४०,०००.०० भौचर नं. ९१ - ०८२।०८।१७ बाट फछ्र्यौट भएको प्रमाण पेश भएकोले माथिको विवरणमा उल्लेख नगरिएको।]

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१३,४६,२००

६६ **आबुखैरेनी अस्पताल संचालनः**

पालिकाले संचालन गरेको आधारभुत अस्पताल संचालन सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्।

६६.१ **फार्मेशी सञ्चालनः** आँबुखैरेनी अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७९ को नियम १२ को उपनियम २४ मा अस्पतालले आफ्नै परिसर भित्र अस्पताल फार्मेशी संचालन गर्नुपर्ने अस्पताल फार्मेशी संचालन गर्नका लागी अस्पतालले निजी वा सामुदायीक संस्थासँग सम्झौता गरी फार्मेशी संचालन गर्न सक्ने यसरी सम्झौता गर्दा स्वास्थ्यसँग सम्बन्धित सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने उल्लेख भएकोमा पालिकाले आफ्नै परिसरमा अस्पताल फार्मेशी संचालन गरेको अवस्थामा फार्मेशी संचालन भएको अवस्थामा अस्पतालको स्वीकृति र मापदण्ड वेगर अस्पताल परिसरमा अर्को निजी फार्मेशी संचालन हुँदा अस्पताल फार्मेशीको सेवामा असर पर्ने देखिन्छ।

६६.२ **अस्पतालको कोष व्यवस्थापनः** आँवुखैरेनी अस्पताल संस्थागत तथा व्यवस्थापन नियमावली २०७९ को परिच्छेद ५ मा अस्पतालको कोष व्यवस्थापन सम्बन्धी व्यवस्था छ। उक्त व्यवस्था महालेखा नियन्त्रक कार्यालयले तोकेको स्थानीय तहको कोष व्यवस्थापन सम्बन्धी स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) वमोजिम मेल खाने देखिँदैन। पालिकाले अस्पतालको आय-व्यय स्पष्ट

देखिने गरी SuTRA प्रणाली अन्तर्गत कार्य सञ्चालन कोष मोड्युल वमोजिम देखिने गरी कोषको व्यवस्थापन नगरी नै अस्पतालको आम्दानीको छुट्टै खाता खोली उक्त खाताबाट एकमुष्ट रकम सुत्र प्रणालीको आन्तरिक राजश्व खातामा जम्मा गरी कारोवार गरेको पाइयो भने खर्च तर्फ पालिकामा चालु र पूँजिगत तर्फको क्रियाकलापमा समावेश भएको देखिन्छ। अस्पताल तर्फको आय रकम पालिकाको आन्तरिक आयमा जम्मा गरी पालिकाको गाडीभाडा लगायत चालु प्रकृतिका कार्यमा खर्च भएको तथा अस्पतालको खर्च समेत चालु तथा पूँजिगत तर्फ छरिएर गर्दा अस्पताल संचालनबाट हुने वित्तिय अवस्था यकिन हुन सक्दैन, तसर्थ अस्पताल संचालन सँग सम्बन्धित आम्दानी तथा खर्च नियमावलीमा उल्लेख भए बमोजिम देखिने गरी सुत्र प्रणालीको कार्यसंचालन कोष मोड्युलबाट हुने गरी अस्पतालको कोष व्यवस्थापन हुनुपर्दछ।

६६.३ **आधारभुत अस्पताल संचालनः** पालिकाले १५ शैयाको आधारभूत अस्पताल संचालन गर्न पालिकाले मेडिकल सुपरीटेन्डेन्ट देखी सरसफाइकर्मी समेत ५० जना कर्मचारीको व्यवस्था हुने गरी अस्पतालको दरवन्दी संरचना स्वीकृत भएको आँबुखैरेनी अस्पताल संचालन तथा व्यवस्थापन नियमावली, २००९ पहिलो संशोधनबाट देखिन्छ। अस्पतालको स्वीकृत दरवन्दी भन्दा निम्नानुसार चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी नियुक्ती गरी यो वर्ष रु. १४८५३२६.०० तलव भत्ता खर्च भुक्तानी गरेको देखिएकोले स्वीकृत दरबन्दी भन्दा बाहिर कर्मचारी नियुक्तीमा नियन्त्रण हुनुपर्ने साथै स्वीकृत संगठन संरचना भन्दा बढी हुने गरी करारमा नियुक्ति गर्नेलाई जिम्मेवार र जवाफदेही बनाई नियमित हुनुपर्ने रु.

सि.नं.	चिकित्सक/ कर्मचारीको नाम दर्जा	संख्या	यो वर्ष खर्च रु .	कैफियत
१	हाडजोर्नी तथा नसा रोग विशेषज्ञ राजकुमार साह	१	१२५५४४	
२	एनेस्थेसिया असिस्टेन्ट	१	०	स्थायी कर्मचारी सरुवा भै आएको
३	फिजियोथेरापी असिस्टेन्ट	१	२६८६०	
४	अ.हे.व.	२	७८२९९२	३ मध्ये १ स्थायी २ करार , करारको तलव उल्लेख
५	डेन्टल हाइजेनिष्ट	१	६३३९५	
६	सहायक कम्प्युटर अपरेटर	१	७२९३५	
७	ओ.टी. सहायक	१	२७१२६०	
८	स्टाफ नर्स	२	१४२३४०	
	जम्मा		१४८५३२६	

अनियमित भएको	१४,८५,३२६

६६.४ **अस्पताल उपकरण संचालनः** अस्पतालमा जडित डेन्टल डाइलाइसिस, प्याथोलोजी, रेडियोलोजी लगायतका शाखाहरुमा जडित अस्पतालबाट खरिद भएका तथा अन्य निकायबाट प्राप्त मेशिनरी उपकरण आपुर्तिकर्ताको वारेन्टी अवधिभित्र सम्बन्धित आपुर्तिकर्ताले करारी दायित्व पुरा गरी मर्मत वा प्रतिस्थापन गरे नगरेको खुल्ने गरी उपकरण संचालन तथा मर्मत सम्बन्धी अभिलेख अस्पतालले राखेको देखिएन। उक्त अभिलेखको अभावमा सम्बन्धित आपुर्तिकर्ताले करारीय दायित्व पुरा गरेको सम्बन्धमा आश्वस्त हुन सकिएन। यसै गरी छिम्केश्वरी हाडजोर्नी अस्पताल प्रा.ली. आँबुखैरेनी वाट प्राप्त X-ray, USG मेशिन समेत १५० आइटम जिन्सी व्यवस्थापन सम्बन्धी PAMS प्रणालीमा समावेश नभएकोले अस्पतालको जिन्सी अभिलेखमा नदेखिँदा उक्त सामग्री हराउन सक्ने हुँदा उक्त सामाग्रीहरु PAMS प्रणालीमा प्रविष्ट हुनुपर्दछ।

६६.५ **विमा तथा डाइलासिस सेवा सोधभर्नाः** अस्पतालले सोधभर्ना प्राप्त गर्ने गरी प्रदान गरेको मृगौला डाइलाइसिस सेवा तथा विमा वोर्ड अन्तर्गतको स्वास्थ्य सेवा प्रवाह गरी आ.व.२०८१.०८२ मा निम्नानुसार रु.१६२०८९०४.०० सोधभर्ना माग गरेकोमा निम्नानुसार सोधभर्ना प्राप्त भएको पाइयो।

सि.नं.	सेवाको प्रकार	कूल सेवा प्रवाह	सेवा प्रवाह मध्ये विमा वाँकी रु.	दावी मध्ये सोधभर्ना प्राप्त	सोधभर्ना वाँकी रु.
१	विमा अन्तर्गत सेवा	१५४१६६३८.९	१४३८३९०४	५८६८२१९	८५१५६८५
२	डाइलाइसिस सेवा	१८२५०००	१८२५०००	९०५०००	९२००००
			१६२०८९०४	६७७३२१९	९४३५६८५

अस्पतालले विभागबाट सोधभर्ना प्राप्त गर्ने गरी सेवा प्रवाह गरेकोमा विमातर्फ ८५१५६८५.०० र डाइलाइसिस सेवा तर्फ ९२००००.०० आ.व.२०८१.०८२ सम्मको सोधभर्ना वाँकी रहेको अस्पतालको अभिलेखवाट देखिन्छ। विमातर्फ सोधभर्ना हुन बाँकी रकम सोधभर्ना माग गर्दा वा सोधभर्ना हुन नसक्ने सामान्य अवस्थामा समेत परीक्षणहरु बढी हुँदा सोधभर्ना माग भएको अंक उच्च हुन सक्ने हुँदा स्वास्थ्य उपचार सम्वन्धी स्वीकृत प्रोटोकलको पुर्ण पालना गरी भुक्तानी योग्य दावीमात्र विमा दावी गर्ने तथा सोधभर्ना हुनुपर्ने देखिन्छ भने डाइलाइसिस सेवा वापतको सोधभर्ना प्राप्त नहुँदा पालिका मार्फत संचालित अस्पतालको संचालन खर्चमा समेत असर पर्ने देखिँदा समयमै सोधभर्ना प्राप्त हुनुपर्ने देखिन्छ।

६६.६ **उपचारमा पुर्ण वा आंशिक छुटः** अस्पतालको सञ्चालक समितिको २०७९/१२/४ को अस्पताल अन्तर्गत बेबारिसे आर्थिक अभावले स्वास्थ्य उपचार खर्च तिर्न नसक्ने बिरामी स्वास्थ्य सेवा लिन आँउदा निजको अवस्था मुल्याङ्कन गरी गाउँपालिका अध्यक्ष वा अस्पताल सञ्चालक समिति अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृत वा मेडिकल सुपरिटेन्डेन्टको सिफारिसमा पुर्ण वा आशिंक छुट सहित सेवा प्रदान गर्ने निर्णय बमोजिम ४९१ जनालाई ६ लाख १२ हजार ७८६ बराबरको सेवा प्रदान भएको पाइयो।अस्पतालको टिकट लिई उपचार गर्ने प्रणालीभित्र पुर्ण रूपमा संलग्न बेगर भएको ल्याबटेस्ट,कसैको ओषधी,कसैको अन्य जाचको निशुल्क तथा छुट दिने गरेको पाइयो।पहुँच र दवावको आधारमा भन्दा आवश्यकताको आधारमा छुट दिन पुर्ण वा आशिंक छुट प्राप्त गर्नेको उपचार खर्च तिर्न नसक्ने भनि स्वघोषणा गराई अस्पतालको प्रणाली बमोजिम टिकट लिई चिकित्सकको सिफारिस बमोजिम शुन्य वा आंशिक विलिङमा सेवा प्रवाह गरी यसरी सेवा प्राप्त गरेको विवरण सार्वजनिक गराउनुपर्ने देखिन्छ भने अस्पतालको दिगो संचालनको लागि छुट सेवा प्रदान गरेको मुल्य पालिकाबाट सोधभर्ना गर्ने गरी आवश्यक बजेट व्यवस्थापन गर्ने गरी दिर्घकालिन नितिगत व्यवस्थापन हुनुपर्दछ।

६६.७ **बढी अतिरिक्त भत्ता भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **७२,२१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६.८ **अस्पतालको आय दाखिलाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० मा गाउँपालिकाको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था छ। सो ऐनको दफा ६९ मा स्थानीय संचित कोषको व्यवस्था छ।अस्पतालले प्रदान गरेको सेवा तथा औषधी बिक्रिबाट प्राप्त र अन्य आय समेत आय लेखाङ्कन प्रणालीले देखाएको तथा अस्पतालले पेश गरेको विवरण अनुसार यो वर्ष कुल आय रू.३०९४५७१८.७२ जसमध्ये पालिकाले आन्तरीक राजस्व खातामा दाखिला भएको रू.२७१५३९३९,पालिकाको विविध खर्च खातामा जम्मा भएको रू.२२६७००० समेत रू.२९४२०९३९ जम्मा भइ रू.१५२४७७९.७२ दाखिला हुन बाकी रहेको देखिन्छ। पालिकाको आन्तरिक राजस्व खातामा दाखिला हुन बाँकि रकम रू.१५२४७७९.७२ अस्पतालको नाउँमा रहेको निजि बैंकको खातामानै रहेकाले नियमअनुसार पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	१५,२४,७७९.७२

६६.९ **दोहोरो खर्चः** कुनै निर्माण कार्य गर्दा खर्चमा दोहोरोपना नपर्ने गरी कार्य हुनुपर्दछ। यस पालिका अन्तर्गत आधारभूत अस्पतालको विभिन्न खण्डको आल्मुनियम पार्टेशन वापत निम्नानुसार श्री अन्नपुर्ण ग्रिल एण्ड आल्मुनियम उद्योगलाई भुक्तानी गर्दा फिजियोथेरापी कक्षमा रु. ६६००० बरावरको खर्चको दोहोरो भुक्तानी देखिएकोले उक्त भुक्तानी दोहोरो नभएको पुष्ट्याई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

सि.नं.	गो.भौ.नं .	भुक्तानी विवरण	भुक्तानी रु.	कैफियत
१	४३-२०८१/१२/ १३	ओ.टि. सेक्सनमा आल्मुनियम पार्टेशन कार्य	९९०८९	फिजियोथेरापी कक्षको दोहोरो भुक्तानी देखिएको
		आई.टि. सेक्सनमा आल्मुनियम पार्टेशन कार्य	३३२५१	
२	४५- २०८१/१२ / २७	फिजियोथेरापी र ओ.टि. सेक्सनमा आल्मुनियम पार्टेशन कार्य	९८९९४	
३	४८- २०८१/१२ / २९	फिजियोथेरापी कक्षमा सेक्सनमा आल्मुनियम पार्टेशन कार्य	६६०००	

असुल गर्नुपर्ने	६६,०००

६६.१० **रि-एजेन्ट उपयोग र शुल्क असुलीः** पालिका अन्तर्गत संचालित आधारभूत अस्पतालको प्रयोगशालामा प्रयोग हुने विभिन्न रिएजेन्ट खरिद भएको तथा त्यसको उपयोग र शुल्क असुली सम्बन्धमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको विकास गरेको पाइएन। स्पष्ट अभिलेखको अभावमा Input- output विश्लेषण गर्न सकिएन। रिएजेन्ट माग, खपत (परीक्षण संख्या) र शुल्क अभिलेख स्पष्ट खुल्ने गरी रिएजेन्टको उपयोगमा दक्षता कायम हुनुपर्दछ।

६६.११ **राजश्व दाखिलाः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० मा गाउँपालिकाको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था छ। सो ऐनको दफा ६९ मा स्थानीय संचित कोषको व्यवस्था छ। उक्त दफामा स्थानीय संचित कोषमा जम्मा हुने रकम सम्बन्धी व्यवस्था छ। पालिकाले पालिका अन्तर्गत संचालित आधारभूत अस्पतालको आय आन्तरिक राजश्व खातामा जम्मा गरेतापनी रु. २२६७००० विविध खर्च खातामा ट्रान्फर गरेको पाइयो। कानुनले तोकेको भन्दा विपरीत कार्यपालिकाबाट निर्णय गरी विविध खर्च खातामा ट्रान्सफर गरेको कानून सम्मत देखिँदैन । कानून विपरीत आन्तरिक राजश्व खातामा आम्दानी नबाँधी सोझै विविध खर्च खातामा ट्रान्सफर गर्ने कार्यले वित्तीय अनुशासन कायम गर्न कार्यपालिका अग्रसर देखिएन । कार्यपालिकाको निर्णय अनुसार विविध खर्च खातामा ट्रान्सफर भएको उक्त रकम कानून बमोजिम पालिकाको आन्तरिक राजश्व खातामा दाखिला गर्नुका साथै आगामी दिनमा कानून विपरीत राजश्व दाखिला हुनुपर्ने रकम खर्च खातामा ट्रान्सफर गर्ने कार्य वन्द गरी नियमित हुनुपर्ने रु.

अनियमित भएको	२२,६७,०००

६७ **ट्याककोटको लागत अनुमानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **७५७,६८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६८ **छिम्केश्वरी पर्यटन पुर्वाधारः**

गण्डकी प्रदेश सरकारको समपुरक बजेटबाट निर्माण गर्ने गरी रु ११५९७९१८.४३ को लागत अनुमान गरी बोलपत्र आह्वान गरिएकोमा न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताको रुपमा रु. ८०४२८९१.०१ कवोल गर्ने निर्माण व्यवसायी छिम्केश्वरी निर्माण सेवासँग मिति २०८२।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।०९।२३ मा सम्झौता भएको पाईयो । गण्डकी प्रदेश सरकारले यस आयोजना निर्माणको लागी रु ६००००००.०० विनियोजन गरेकोमा बढीमा खरिद सम्झौताको ६० प्रतिशत रकम मात्र प्रदान गर्ने गरी गण्डकी प्रदेश सरकारको समपुरक तथा विषेश अनुदान सम्बन्धी मापदण्डमा व्यवस्था गरेको छ । यस पालिकाले प्रदेश सरकारले विनियोजन गरेको सम्पुर्ण रकम प्राप्त हुने हुदा दोहोरो नपर्ने गरी बाँकी रकम रु. २००००००.०० को सोही स्थानमा अर्को

निर्माण कार्य गर्ने गरी पुनः ठेक्का आह्वान गरेको पाईयो । प्रदेश सरकारबाट तोकिएको योजनामा सुरु सम्झौता भन्दा फरक सम्झौतामा भुक्तानी दिन नमिल्ने अवस्थामा समेत पालिकाले पुजा कन्सट्रक्सनसँग रु. १९६५९९५.०० मा पुनः दोस्रो सम्झौता गरी रु. १८०००००.०० भुक्तानी गरेको छ। प्रदेश सरकारले तोकेको योजना र सो योजना अनुसारको सम्झौताको भुक्तानी बाँकी राखी दोस्रो सम्झौता गरी भुक्तानी गर्ने कार्य नियम सम्मत देखिएन। प्रदेश सरकारले सुरु सम्झौताको ६० प्रतिशतले हुने रकम निकासा गरेको अवस्थामा पालिकाले सो योजनाको निर्माण व्यवसायीलाई भुक्तानी नगरी अर्को सम्झौता अनुसारको निर्माण व्यवसायीलाई गरेको भुक्तानी गण्डकी प्रदेश सरकारको मापदण्ड विपरित देखिदा फरक योजनामा भएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१८,००,०००

६९ **बढी पेश्की भुक्तानीमा व्याजः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ र खरिद सम्झौताबमोजिम पेश्की रकम खाम्ने गरी बैंक जमानत लिई पेश्की दिदा पेश्की जनाई बजेट खर्च लेख्नुपर्दछ । कार्यालयले निर्माण व्यवसायीलाई भुक्तानी गरेक पेश्की सो पेश्की वापत राखिएको पेश्की जमानतको अवधी समाप्त हुनु अगावै फर्स्यौट गरि सक्नु पर्नेमा सो नगरी म्याद समाप्त भएको अवस्थामा समेत फर्स्यौट नगरी राखेको पाईयो। निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद मिती २०८२ असार मसान्तमै समाप्त हुदा समेत सो जमानतको म्याद थप गरेको पाईएन । कार्यालयले जमानतको म्याद समाप्त भएको तीन महिना पश्चात कामको नापी गरी कार्य प्रगति अनुसारको बिल उठाएको देखियो । जमानतको म्याद समाप्त भएको मितिले तीन महिना पश्चात पेश्की फर्स्यौट हुने रकम अनुसारको कार्य प्रगति भएको नापी सहितको बिल उठेको भए तापनि लेखापरीक्षण अवधी (मिति २०८२।०७।३०) सम्म पनि पेश्की फर्स्यौट भएको नदेखिदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम वार्षिक १० प्रतिशतले कार्यालयले नापी गरी बिल बनाएको अवधी सम्मको देहाय अनुसार हुने व्याज सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	निमर्माण व्यवसायी	पेश्की रकम	म्याद समाप्ती मिति	विल उठाएको मिति	अवधी	व्याज
१	न्यौपाने कन्सट्रक्सन (समस्तीपुर सडक)	२२०००००	२०८२।०३।३१	२०८२।०६।२९	९३ दिन	५६०५५
२	न्यौपाने कन्सट्रक्सन (हिलेखर्क सडक)	२२०००००	२०८२।०३।३१	२०८२।०७।१३	९७ दिन	५८४६५
जम्मा						११४५२०

असुल गर्नुपर्ने	१,१४,५२०

७० **घटी मोटाईमा ढलानः**

सडकको स्पेसिफिकेशनबमोजिम गुणस्तर कायम हुने गरी ढलान गरिनु पर्दछ । कार्यालयले गिरानचौर हिले खर्क सडक निर्माण कार्यको लागी २२७ मिटर लम्बाईमा ०.१२५ मी. मोटाईमा ढलान गर्ने गरी लागत अनुमान स्वीकृत गरेकोमा सो भन्दा घटी मोटाई हुने गरी ०.०९ मी. मोटाईमा मात्र कार्य गराई निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको पाईयो । कार्यालयले चे.नं. ०+२४० देखी ०+२८४.६० को ३५ मी. मा २३.११ घ.मी. मात्र स्वीकृत लागत अनुमानको मोटाईमा कार्य गराएको र सो भन्दा बाहेक अन्य चेनेजमा ०.०९ मी. मोटाईमा ढलान गरी सोही अनुसार भुक्तानी गरेको देखियो । सुरु लागत अनुमान भन्दा घटी मोटाईमा ढलान गर्दा प्राविधिक पुष्ट्याई सहित गरिनु पर्नेमा सोको पुष्ट्याई समेत गरेको देखिएन । तोकिएको भन्दा घटी मोटाईमा ढलान गराई सो कार्यलाई स्वीकार गरी भुक्तानी समेत गरी सकेको देखिदा घटी मोटाईमा गरिएको ढलान कार्यले सडकको स्पेसिफिकेसनबमोजिम पेभमेण्टको कार्य समेत नहुने हुदा यसबाट सडको भार वहन क्षमता र सोको दिगोपनामा असर पर्ने हुँदा प्राविधिक आधार बेगर घटी मोटाईमा कार्य गराएको मनासिब नदेखिएकोले घटी मोटाईमा गरिएको ६९.७७ घ.मी. ढलान को प्रति घ.मी. १४१६८.९८ का दरले हुने रु. ९८८५७०.०० भुक्तानी भएको रकमको प्राविधिक पुष्ट्याई सहित नियमित हुनु पर्ने रु.

अनियमित भएको	९,८८,५७०

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	दरबन्दी बाहिरको करार सेवाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन संरचना कायम गर्नुपर्ने र स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो संगठन संरचना स्वीकृत गरी आवश्यक दरबन्दी कायम गरेको अवस्थामा समेत सो स्वीकृत दरबन्दीभन्दा बढी हुने गरी कर्मचारी भर्ना गरेको पाइयो। स्वीकृत संगठन संरचना अनुसारको कर्मचारी आवश्यकता अनुसार लोकसेवा आयोगबाट माग गरी पदपूर्ति गर्नुपर्ने र सो अनुसार पदपूर्ति नहुन्जेल सम्म दरबन्दी भित्र करार सेवामा लिनुपर्नेमा दरबन्दी अनुसारको पदपूर्ति भै सकेको अवस्थामा समेत प्रशासन तर्फ, स्वीकृत दरवन्दी नै नरहेको कार्यालय सहायक पद, अ.हे.व., अमिन तथा ईन्जिनियर पदमा दरबन्दी अनुसार कार्यरत हुँदा समेत सो भन्दा बढी हुने गरी कर्मचारीहरु भर्ना गरी तलब भत्ता बापत रु. ८३०४१५५.०० थप खर्च लेखेको नियम सम्मत नदेखिँदा नियमित हुनुपर्ने रू.	८३,०४,१५५

क्र.सं.	बेरुजुको विवरण	रकम

पद	शाखा	नाम	भुक्तानी रकम
इन्जिनियर ६ तह	६ नं. वडा कार्यालय	पंकज चितौरे मगर	५४५३२५
सहायक चौथो/कम्प्युटर अपरेटर	प्रशासन शाखा	अस्मित श्रेष्ठ	३४६४३९
सहायक चौथो/कम्प्युटर अपरेटर	प्रशासन शाखा	रश्मी मगर	४३९१५५
सहायक कम्प्युटर अपरेटर	प्रशासन शाखा	सुसिला गुरुङ्ग	१२००००
सहायक कम्प्युटर अपरेटर	प्रशासन शाखा	रचना प्रधान श्रेष्ठ	१२००००
अमिन	शिक्षा शाखा	सन्देश भण्डारी	४६८०४९
सहायक चौथो	योजना शाखा	सृजना गुरुङ	४४४८७४
सहायक पाचौ	राजस्व शाखा	अञ्जु गुरुङ	४६६८७५
सहायक पाचौ	राजस्व शाखा	अञ्जली दुवाडी	४४०३४९
अ.हे.व	स्वास्थ्य शाखा	प्रमिता गुरुङ्ग	४३३४३६
अमिन	पूर्वाधार विकास तथा भवन नियमन शाखा	सरोज चन्द्र अधिकारी	६७८०१९
अमिन	पूर्वाधार विकास तथा भवन नियमन शाखा	सञ्जित श्रेष्ठ	४४४३४९
कार्यालय सहायक	महिला,बालबालिका तथा ज्येष्ठ नागरिक	निरुता गुरुङ्ग	४३८८४९
कार्यालय सहायक	महिला,बालबालिका तथा ज्येष्ठ नागरिक	गंगादेवी बराल	४४०८४९
सहायक	२ नं वडा कार्यालय	अनिषा गुरुङ्ग	४३३३४९
सब ईन्जिनियर	४.नं. वडा कार्यालय	अस्मिर के.सी	४८८८९०
मेकानिकल स.ई	औद्योगिक ग्राम	बिमल बाबु राना	४५६९६६
सदस्य सचिव	आँबुखैरेनी विकास बोर्ड	किशोर सुवेदी	६६०६५७
स्वयम सेवक		पवन नेपाली	४३७७२६
जम्मा			८३०४१५५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : आँबुखैरेनी गाउँपालिका, तनहुँ , आबुखैरेनी गाउँपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Bishnu Prasad Sharma	२०७९-४-१५	२०८२-०३-२४
लेखा प्रमुख	bimal prasad paudel	२०८१-३-९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,८५६,५४५	२८,३६८,२७६.६	९,८७०,६४६.७२	०	०	२,३४६,२००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४३,४४१,६६८.३२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	११,५२७,०२३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	८,३०४,१५५
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४०,२१८,८००.३२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५१३३९०८८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२५६१७८७९५	चालु खर्च	३११८३६८३६
प्रदेश सरकारबाट अनुदान	२०४२७०००	पूँजीगत खर्च	१६७०४९१६०
राजश्व बाँडफाँट	१२७९५९४७७	वित्तीय/अन्य व्यवस्था	१३९२९६३९८
आन्तरिक आय	५७८०३०८६		
अन्य आय	११७४९७६००		
कुल आय	५७९८६५९५८	कुल खर्च	६१८१८२३९४
बाँकी मौज्दात		१३०२२६५२	

अनुसूची - २

बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ
कार्यालयको कोड : ८०४३८५०१३००

म.ले.प.फा.नं. २७०-०१

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क.सं./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,८७,४७,९७०.२८	०.००	१०,८७,४७,९७०.२८	८,८७,६१,८८८.६२	०.००	८,८७,६१,८८८.६२
१३०००	अनुदान		२७,४०,५७,१०९.५६	०.००	२७,४०,५७,१०९.५६	२७,४०,६६,५८०.७८	०.००	२७,४०,६६,५८०.७८
१४०००	अन्य राजस्व		७,८२,५०,८१४.६७	०.००	७,८२,५०,८१४.६७	७,११,७३,५४४.५३	०.००	७,११,७३,५४४.५३
१५०००	विविध प्राप्ति		१,५०,९६१.००	०.००	१,५०,९६१.००	६,०४,२११.२६	०.००	६,०४,२११.२६
क	**कुल जम्मा प्राप्ति**		४६,१२,०६,८५५.५१		४६,१२,०६,८५५.५१	४३,५४,०६,२२५.११		४३,५४,०६,२२५.११
३	चालु		३०,७५,९०,३७४.१५	०.००	३०,७५,९०,३७४.१५	३०,३०,७१,६०४.२८	०.००	३०,३०,७१,६०४.२८
२१०००	पारिश्रमिक / सुविधा		१८,७४,३५,६४६.०६	०.००	१८,७४,३५,६४६.०६	३,७५,९५,५७८.०९	०.००	३,७५,९५,५७८.०९
२२०००	मालसामान तथा सेवाको उपयोग		६,३४,४६,२२३.०३	०.००	६,३४,४६,२२३.०३	१०,४३,८०,६३७.६३	०.००	१०,४३,८०,६३७.६३
२५०००	सहायता (Subsidy)		४,१६,२३,७४६.१२	०.००	४,१६,२३,७४६.१२	१३,८८,३०,२३०.४७	०.००	१३,८८,३०,२३०.४७
२७०००	सामाजिक सुरक्षा		१,३२,४३,९५३.९४	०.००	१,३२,४३,९५३.९४	१,९२,११,०८५.०९	०.००	१,९२,११,०८५.०९
२८०००	अन्य खर्च		१८,४०,८०५.००	०.००	१८,४०,८०५.००	३०,४६,०७३.००	०.००	३०,४६,०७३.००
४	पुँजीगत		१६,६९,६३,४३६.६०	०.००	१६,६९,६३,४३६.६०	१७,७७,७३,७०२.०६	०.००	१७,७७,७३,७०२.०६
३१११०	भवन तथा संरचना		२,०५,३३,५८३.००	०.००	२,०५,३३,५८३.००	७४,३९,३९१.००	०.००	७४,३९,३९१.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,३३,४४,२७२.००	०.००	१,३३,४४,२७२.००	७६,६२,६००.५०	०.००	७६,६२,६००.५०
३११३०	अन्य पुँजीगत खर्च		३३,८१,४६५.६०	०.००	३३,८१,४६५.६०	३६,३९,५६८.००	०.००	३६,३९,५६८.००
३११४०	सुरक्षा उपकरण		९,०९,६१५.००	०.००	९,०९,६१५.००	१५,००,०००.००	०.००	१५,००,०००.००
३११५०	सार्वजनिक निर्माण		१२,५७,९४,५०१.००	०.००	१२,५७,९४,५०१.००	१५,४७,५१,१७१.५६	०.००	१५,४७,५१,१७१.५६
३११६०	निर्मितसरचनाको सुधार खर्च		३०,००,०००.००	०.००	३०,००,०००.००	०.००	०.००	०.००
३११७०	पुँजीगत सुधार खर्च		०.००	०.००	०.००	२७,८०,९६३.००	०.००	२७,८०,९६३.००
ख)	**कुल जम्मा भुक्तानी**		४७,४५,५३,८१०.७५		४७,४५,५३,८१०.७५	४८,०८,४५,३०६.३४		४८,०८,४५,३०६.३४
ग)	**बचत /कमी (ग = क-ख)**		(१,३३,४६,९५५.२४)		(१,३३,४६,९५५.२४)	(४,५४,३९,०८१.१५)		(४,५४,३९,०८१.१५)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थपघट (+/-)**		(२,४५,८२,९६६.५५)		(२,४५,८२,९६६.५५)	१,८३,९५,९६६.१२		१,८३,९५,९६६.१२
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**					(३,८५,९२६.५२)		(३,८५,९२६.५२)
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(३,७९,२९,९२१.७९)		(३,७९,२९,९२१.७९)	(२,७०,४३,११५.०३)		(२,७०,४३,११५.०३)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		५,०९,५२,५७२.७७		५,०९,५२,५७२.७७	७,७९,९४,६८७.८०		७,७९,९४,६८७.८०
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		१,३०,२२,६५०.९८		१,३०,२२,६५०.९८	५,०९,५१,५७२.७७		५,०९,५१,५७२.७७

आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ
कार्यालयको कोड : ८०४३८५०१३००
म.ले.प.फा.नं. २७०-०१
वित्तीय प्रतिवेदन
आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ। नदीजन्य पदार्थको आय ठेक्का व्यवस्थापन गरी आय सङ्कलन गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजु बारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।